जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com




वर्ष २७ • अंक २७३ • २०८२ साल फाल्गुन १८ गते सोमबार (2 March, Monday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## निर्वाचनको सम्पूर्ण तयारी पूरा

**टुडे समाचारदाता**

काठमाण्डु। प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले यही फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको सम्पूर्ण व्यवस्थापकीय र प्राविधिक तयारी पूरा भएको जनाएका छन्।

काठमाण्डुमा आइतबार आयोजित एक कार्यक्रमा बोल्दै निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको बताए।

उनले दिएको जानकारी अनुसार मुलुकका उच्च पहाडी र हिमाली जिल्लाका साथै हिमाल पारिका दुर्गम बस्तीहरूमा समेत निर्वाचन सामग्री पुगिसकेको छ। उनले निर्वाचनको मिति घोषणा भएदेखि नै सञ्चार जगतले सकारात्मक भुमिका खेलेका कारण निर्वाचनको माहोल देउरालीसम्म आइपुगेको र २१ गते भञ्ज्याङमा पुगेर भारी बिसाउने (निर्वाचन सम्पन्न हुने) दाबी गरे। जनशक्ति परिचालन र सुरक्षा व्यवस्थापनको पक्षबाट आयोग पूर्ण रूपमा ढुक्क रहेको उनले बताए।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले शून्य समयमा नगद चलखेल वा आचारसंहिताको उल्लंघन भए उम्मेदवार विजयी भइसकेको अवस्थामा पनि उम्मेदवारी खारेज गरिने स्पष्ट पारे।

### इरानमाथि अमेरिकी-इजरायली आक्रमण

# नेपाली श्रमिकको सुरक्षा र रेमिट्यान्समा प्रत्यक्ष असर पर्ने सक्ने

**टुडे समाचारदाता**

जनकपुरधाम। इरानमाथि अमेरिका-इजरायलले शनिबारदेखि आक्रमण थालेसंगै सम्पूर्ण विश्व व्यवस्था नै प्रभावित भएको छ।

यस युद्धका कारण विश्व राजनीतिक शक्ति सन्तुलनमा परिवर्तनदेखि विश्व बजार प्रणालीमा ठूलो असर पर्न सक्ने अनुमान गरिएको छ।

समग्र विश्व प्रभावित हुँदा भौगोलिक रूपमा हजारौँ किलोमिटर टाढा इरानले व्यहोरेको युद्धको प्रत्यक्ष असर नेपालमा पनि पर्न सक्ने प्रबल सम्भावना रहेको देखिन्छ।

विश्वव्यापीकरण र नेपालको आर्थिक संरचनाका कारण इरानमाथि अमेरिका-इजायरलको द्वन्द्वले नेपालको अर्थतन्त्र, श्रम बजार र आमनागरिकको भान्सासम्मै प्रत्यक्ष प्रभाव पार्ने देखिएको छ।

मध्यपूर्वको तनावले नेपालको वैदेशिक रोजगारी, रेमिट्यान्स आप्रवाह, पेट्रोलियम पदार्थको दरभाउ, वस्तु तथा सेवाको मूल्यदेखि समग्र आर्थिक क्रियाकलापमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा नकारात्मक असर पर्ने सक्ने सम्भावना बढेको छ।

नेपालको अर्थतन्त्रको मुख्य मेरुदण्ड 'रेमिट्यान्स' (विप्रेषण) नै रहेको छ। यसको ठूलो हिस्सा मध्यपूर्वका विभिन्न खाडी मुलुकहरूबाट नै आउने गरेको छ।

पछिल्लो तथ्यांक अनुसार खाडी मुलुकका १२ वटा देशमा १७ लाख २९ हजार नेपाली श्रमिकले औपचारिक रूपमै काम गरिरहेका छन्। अनौपचारिक रूपमा कति नेपालीले काम गरेका छन् भन्ने कुरा सरकारसंग नै तथ्यांक रहेको छैन।

त्यस क्षेत्रमा युद्ध विस्तार हुँदै गएमा उनीहरूको



भौतिक सुरक्षा सबैभन्दा नेपालको लागि बढी चुनौती बन्नसक्ने देखिन्छ। लाखौँ नेपाली श्रमिकको उद्धार गर्ने विषय नेपाल सरकारको लागि निकै गम्भीर बन्नसक्ने सम्भावनाबारे अड्कलबाजी भइरहेको छ।

यसका साथै यस क्षेत्रमा युद्धका कारण ती देशहरूको अर्थतन्त्र सुस्त भएमा निर्माण र सेवा क्षेत्रमा काम गर्ने लाखौँ नेपालीले रोजगारी गुमाउन सक्ने देखिएको छ।

रोजगारी कटौती र असुरक्षाका कारण स्वदेश फर्किनेको संख्या बढ्दा विदेशी मुद्रामा भारी गिरावट हुन सक्ने अनुमान गरिएको छ। त्यस्तो अवस्थामा सिर्जना भएमा नेपालको सोधनान्तर स्थितिलाई कमजोर बन्न सक्ने अवस्था रहेको अर्थविद्हरु बताउँछन्।

इरान विश्वको प्रमुख तेल उत्पादक राष्ट्रमध्ये एक रहेको छ। विश्वको करिब २० प्रतिशत तेल 'स्ट्रेट अफ हर्मुज' हुँदै विश्वका विभिन्न मुलुकमा निर्यात हुने गरेको छ। अमेरिका-इजरायलको आक्रमणपछि इरानले स्ट्रेट अफ हर्मुज क्षेत्रबाट समुद्री जहाजरूलाई आवतजावतमै प्रतिबन्ध लगाएको छ।

यसका साथै इरानमाथिको आक्रमणले त्यस राष्ट्रले गर्ने तेलको उत्पादन र निर्यात पूर्ण रूपमा प्रभावित हुने भएको छ। जसले गर्दा तेलको कच्चा पदार्थको मूल्य बढ्दा विश्वबजार नै महँगो हुनसक्ने व्यवसायीहरु बताउन थालेका छन्।

यस अवस्थामा पेट्रोलियम पदार्थमा शतप्रतिशत आयातमा निर्भर नेपालमा प्रत्यक्ष ठूलो असर पर्ने देखिन्छ। यसले गर्दा सार्वजनिक यातायातको भाडा र मालसामान ढुवानी लागत तत्काल महँगिन सक्छ।

ढुवानी लागत बढ्नेबित्तिकै सम्पूर्ण वस्तु र सेवा उत्पादकको लागत बढ्दा त्यसको मार उपभोक्ता तहसम्मै पुग्ने छ। इन्धनको मूल्यवृद्धिसंगै छिमेकी मुलुक भारत र चीनसंगै विश्वका तेस्रो मुलुकबाट आयात हुने खाद्यान्न, लत्ताकपडा र अन्य दैनिक उपभोग्य वस्तुको मूल्यमा अस्वाभाविक वृद्धि हुन्छ।

यसका साथै लाल सागर र मध्यपूर्वका जलमार्गहरू असुरक्षित हुँदा पानीजहाजहरूले लामो बाटो प्रयोग गर्नुपर्ने हुन सक्छ।

यसले गर्दा पनि युरोप र अमेरिका हुँदै नेपाल आउने सामानको भाडा दोब्बरसम्म बढ्न सक्छ र सामान आइपुग्न लाग्ने समय पनि लम्बिनेछ। जसले गर्दा पनि नेपालको बजारमा वस्तु तथा सेवाको मूल्यमा अस्वभाविक वृद्धि हुने सम्भावना देखिन्छ।

कोरोना महामारीसँगै अत्यन्तै नकारात्मक प्रभाव परेको नेपालको पर्यटन क्षेत्रमा केही समययता तंग्रिन थालिएको थियो। तर पछिल्लो विकसित मध्यपूर्वको तनावले विश्व अर्थतन्त्रमै असर पर्न सक्ने बाह्य पर्यटकहरूको खर्च क्षमतामा पनि असर पर्न सक्ने पर्यटन व्यवसायीहरुले चिन्ता व्यक्त गर्न थालेका छन्। यस्तो अवस्थामा त्यसले नेपालको आन्तरिक र बाह्य पर्यटन क्षेत्रमा असर पर्न सक्ने देखिन्छ।

त्यस्तै पेट्रोलिमय पदार्थदेखि विश्वबजारको हरेक वस्तुको मूल्यवृद्धि हुने अवस्थामा नेपालको पूर्वाधार क्षेत्रको निर्माण प्रक्रियामा पनि प्रत्यक्ष असर पर्न सक्ने देखिन्छ।

## इजरायलसहित १२ देशको श्रम स्वीकृति रोक्का

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल सरकारले खाडी देशमा पछिल्लो समय विकसित घटनाक्रमलाई मध्यनजर गर्दै एक दर्जन देशको लागि श्रम स्वीकृति रोक्का गरेको छ।

वैदेशिक रोजगार विभागले एक सूचना जारी गर्दै साउदी अरेबिया, यूएई, कतार, कुवेत, बहराइन, ओमान, इराक, यमन, जोर्डन, लेबनन, टर्की र इजरायलका लागि प्रदान गरिने व्यक्तिगत र संस्थागत श्रम स्वीकृति अनिश्चितकालका लागि स्थगन गरेको छ। फागुन १७ गते श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मन्त्रीस्तरीय निर्णयबाट श्रम स्वीकृत रोकेको विभागले जनाएको छ।

यी देशमा रोजगारीका लागि विभाग र अन्तर्गतका निकायबाट प्रदान गरिने श्रम स्वीकृति अर्को सूचना जारी नभएसम्मका लागि स्थगन गरिएको सूचनामा उल्लेख गरिएको छ।

अमेरिका- इजरायलले शनिबारदेखि थालेको इरानविरुद्धको आक्रमण र त्यसविरुद्ध इरानले गरेको प्रत्याक्रमणले खाडी देशहरु आक्रान्त बनेको छ।

# रोपाइँमा मलको अभाव नहुने सरकारको दाबी

**टुडे समाचारदाता**

जनकपुरधाम। प्रत्येक वर्ष किसानले भोग्दै आएको रासायनिक मलको अभाव र सास्ती कम हुने सरकारले दाबी गरेको छ।

धान रोपाइँ अघि नै मलको अभाव नहुने सरकारले दाबी गर्दै मल आपूर्ति र वितरण प्रणालीमा व्यापक सुधार ल्याएको बताउन थालिएको छ।

सरकारी प्रयास र निरन्तर सहजीकरणले चालु आर्थिक वर्ष मल आपूर्ति र वितरण प्रणालीमा व्यापक सुधार देखिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले दाबी गरेको छ।

ढुवानी प्रक्रिया सहज बनाइनुका साथै वितरण प्रणाली चुस्त बनाउँदा किसानको खेतसम्म मल पुग्ने प्रक्रिया विगतभन्दा निकै प्रभावकारी बनेको र मलको दैनिक प्रवाह दोब्बरभन्दा बढी रहेको मन्त्रालयका वरिष्ठ कृषि अर्थ विज्ञ तथा सूचना अधिकारी महानन्द जोशीले दाबी गरे।

चालु आर्थिक वर्ष २०८२/०८३ फागुन पहिलो सातासम्म ३ लाख ९० हजार टन बढी रासायनिक मल किसानसम्म पुगिसकेको हुँदा बर्खे धानको ब्याड राख्नसमेत पुग्ने जनाइएको छ।

विगत झैं यसपटक प्रक्रियागत ढिलासुस्ती र अवरोध यस वर्ष नरहेको मन्त्रालयका सूचना अधिकारी जोशीले बताए। उनले भारतको कोलकाता र विशाखापटनम बन्दरगाहबाट मल ढुवानीको काम अत्यन्तै छिटो र सहज रूपमा भइरहेको बताए।

आपूर्ति सहज भएसँगै वितरण प्रणालीमा पनि उल्लेखनीय सुधार आएको उनको भनाइ छ। विगतमा कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनका डिपोबाट दैनिक करिब २ हजार टन मात्रै मल वितरण हुने गरेकामा हाल उक्त परिमाण बढेर दैनिक ४ देखि ५ हजार टन पुगेको छ।

अन्तर्राष्ट्रिय बजारमा मलको मूल्य बढेका कारण चालु आर्थिक वर्षका लागि विनियोजन गरेको बजेट अपुग भएपछि मन्त्रालयले थप रकमका लागि अर्थ मन्त्रालयसँग आग्रह गरेको छ।

सूचना अधिकारी जोशीले आगामी आर्थिक वर्षका लागि चाहिने मल ल्याउन स्रोत सहमति अनुसार ठेक्का प्रक्रिया अगाडि बढिसकेको बताए। यदि उक्त मल साउन



महिना (आगामी आर्थिक वर्ष) मा आइपुगे त्यसको भुक्तानी अर्को वर्षको बजेटबाट गर्न सकिने हुँदा केही सहज हुने मन्त्रालयले जनाएको छ।

कृषि मन्त्रालयका सहसचिव रामकृष्ण श्रेष्ठले वैज्ञानिक र प्राविधिक हिसाबले आवश्यकता धेरै देखिए पनि व्यावहारिक रूपमा ९ लाख टन मलले मुलुकको माग धान्न सक्ने बताए।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) ले माटोको स्वास्थ्य र बालीको उत्पादकत्वका आधारमा गरेको सिफारिस मान्ने हो भने नेपाललाई वार्षिक १७ लाख ३७ हजार टन रासायनिक मल आवश्यक पर्ने नयाँ तथ्यांक रहेको उनको भनाइ छ।

सरोकारवाला र पछिल्लो कृषि गणना तथ्यांक आधार मान्दा नेपालको वास्तविक र प्रभावकारी माग ८ लाख ९१ हजार टन देखिएको र त्यसलाई थप समायोजन गर्दा ८ लाख टन मल भए पुग्ने मन्त्रालयले जनाएको छ।

आगामी आर्थिक वर्षका लागि ६ लाख टन मल सरकारी अनुदान मार्फत ल्याउने योजना मन्त्रालयले बनाएको छ। बाँकी माग निजी क्षेत्रको आपूर्तिले पूरा गर्ने मन्त्रालयले जनाएको छ।

मल खरिदका लागि बजेटको भने ठूलो चुनौती देखिए पनि सहसचिव श्रेष्ठका अनुसार हालको अन्तर्राष्ट्रिय बजार मूल्य र विनिमयदर हेर्दा मल आपूर्तिमा करिब ५ अर्ब रुपैयाँ बजेट अपुग हुने देखिएको छ।

सरकारी अनुदानको बजेटले करिब साढे ४ देखि ५ लाख टन मात्रै मल ल्याउन सकिने हुँदा माग र आपूर्तिबीचको खाडल कायम नै रहने छ। सरकारले चालु आर्थिक वर्षका लागि ६ लाख टन मल ल्याउने लक्ष्य राखेकोमा ८ फागुनसम्म करिब पौने ५ लाख टन (४ लाख ७१ हजार ५ सय ११.९५ टन) आपूर्ति भइसकेको छ।

कृषि मन्त्रालयको तथ्यांक अनुसार कृषि सामग्री कम्पनीले ३ लाख ४७ हजार ६ सय ६१ टन र साल्ट ट्रेडिङले १ लाख २३ हजार ८ सय ५०.३ टन मल आयात गरेको छ।

आपूर्ति भएको मलमा २ लाख ७८ हजार ७ सय ७३.५ टन युरिया, १ लाख ७५ हजार १ सय ५०.७५ टन डीएपी र १७ हजार ५ सय ८७.७ टन पोटास रहेको छ।

चालु आर्थिक वर्ष मल खरिदका लागि सरकारले २८ अर्ब ८२ करोड १४ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो, जस अन्तर्गत हालसम्म ४ लाख ९१ हजार ४ सय टन मल खरिदका लागि टेन्डर प्रक्रिया अघि बढाइएको जनाइएको छ।

कृषि सामग्री कम्पनी लिमिटेडका प्रबन्ध सञ्चालक विष्णुप्रसाद पोखरेलले आगामी वर्खे धान सिजन लक्षित गरी योजनाबद्ध तयारी थालेको बताए।

हालको मौज्दात र बाटोमा आउँदै गरेको मलले धान रोपाइँको मुख्य सिजनसम्मको माग धान्न पर्याप्त हुने उनले प्रस्ट्याए।

उनले धान रोपाइँको मुख्य सिजन असार, साउन र भदौ लक्षित गरी थप डेढ लाख टन मल खरिदका लागि नयाँ टेन्डर आह्वान गरिएको बताए।

अर्थ मन्त्रालयबाट प्राप्त स्रोत सहमतिका आधारमा ९० हजार टन युरिया र ६० हजार टन डीएपी मल खरिद गरिने जनाइएको छ।



## उडान खुल्ने प्रतीक्षामा विमानस्थलमा अलपत्र यात्री

काठमाण्डु । बर्दियाका किशोर पुन शनिबार रोजगारीका लागि कतार जाँदै हुनुहुन्थ्यो । त्यसैले हातमा पासपोर्ट र नेपाल एयरलाइन्सको टिकट बोकेर उहाँ समयमै विमानस्थल पुग्नुभएको थियो । तर उहाँ कतार जाने भने पाउनुभएन । विमानस्थलमा आएपछि उहाँलाई नेपाल वायुसेवा निगमले हवाई उडान स्थगित भएको सूचना दियो ।

उहाँ आइतबार दिउँसो विमानस्थलमा अलपत्र अवस्थामा भेटिनुभयो । रासससँगको कुराकानीमा आफूले बर्दियाबाट आउँदा काठमाडौँसम्म आउनका लागि भाडा र खानाका लागि मात्रै पैसा बोकेको सुनाउनुभयो । उहाँसँग अहिले होटलमा बस्न र खानाका लागि पैसा छैन। "हिजो विमानस्थलमै सुतेर राति बिताएँ, अब कहिले उडान हुन्छ थाहा छैन", उहाँले भन्नुभयो ।

पुनको जस्तै अवस्था कैलालीकी सरला विकको पनि छ । रोजगारीका लागि साउदी अरब जान शनिबार विमानस्थल पुग्नुभएकी उहाँ आइतबारसम्म यही हुनुहुन्छ। हवाई उडान कहिले हुन्छभन्दै बेलाबेलामा निगमका कर्मचारीलाई सोध्नुहुन्छ । तर जवाफ चित्तबुझ्दो आउँदैन । निगमका कर्मचारी केही सोध्नुपरे एयरलाइन्सको कार्यालय न्युरोड जान सुझाव दिनुहुन्छ । विक दोस्रो पटक साउदी अरब जाँदै हुनुहुन्छ ।रासस



## घरेलु हिंसा पीडित महिलालाई राहत सामग्री



**टुडे समाचारदाता**

रौतहट । रौतहटमा घरेलु हिंसाबाट प्रभावित अति विपन्न महिलाहरूलाई लक्षित गर्दै राहत सामग्री सहयोग प्रदान गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहट अन्तर्गत रहेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र गरुडाले चालु आर्थिक वर्षको श्रावणदेखि हालसम्म सेवा लिन आएका घरेलु हिंसाका १३ जना पीडित महिलालाई जनही ३० हजार रुपैयाँ बराबरको आवश्यक सामग्री वितरण गरेको हो ।

सेवा केन्द्रकी प्रमुख दीपिका ओझाका अनुसार पीडित महिलाहरूलाई खाद्यान्न, लत्ता-कपडा, बेड, सिरक, डसना लगायत दैनिक जीवनमा अत्यावश्यक सामग्री सहयोगस्वरूप प्रदान गरिएको हो। यस सहयोगले हिंसाबाट पीडित महिलाहरूको तत्कालीन जीवनयापनमा केही सहजता पुग्ने विश्वास लिइएको छ ।

यसै अवसरमा आइतबार सेवा केन्द्रको आयोजनामा मासिक समन्वय बैठकसमेत सम्पन्न भएको छ। बैठक सिताराम रिजालको अध्यक्षतामा सम्पन्न भएको हो भने गरुडा नगरपालिकाका नगरप्रमुख कन्थमणी जैसवाल प्रमुख अतिथिका रूपमा उपस्थित रहेको थियो ।

बैठकमा ईलाका प्रहरी कार्यालय गरुडाका प्रमुख शंकर प्रसाद आचार्य, ईन्सेक रौतहट प्रतिनिधि गौरी न्यौपाने, संजालका प्रतिनिधि, सञ्चारकर्मी तथा विभिन्न संघ-संस्थाका पदाधिकारीहरूको उल्लेखनीय सहभागिता रहेको थियो । बैठकमा संजालमार्फत विगतमा गरिएका गतिविधिहरूको समीक्षा गर्दै आगामी दिनमा सञ्चालन गरिने कार्यक्रम, सहकार्य र दीर्घकालीन योजनाबारे छलफल गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## परिक्रमा फर्किने क्रम शुरु



जनकपुरधाम । १५ दिने मिथिला माध्यमिकी परिक्रमाका यात्री आइतवार विशौल विश्राम गर्दै जनकपुरधाम फर्किने क्रम शुरु भएको छ । सोमवार दिउंसोसम्म परिक्रमा सहभागी सबै यात्री जनकपुरधाम आईपुग्नेछ भने मंगलवार फागुन १९ गते अन्तर गृह परिक्रमा पश्चात सम्पन्न हुनेछ ।

फागुन ४ गते धनुषाको मिथिला नगरपालिका-८ कचुरीस्थित मिथिला बिहारीको मन्दिरबाट मिथिला बिहारीको डोलासहित सुरु भएको माध्यमिकी परिक्रमा जनकपुरधाम फर्किदैछ । १४ औं दिन भारतको बिशौलमा विश्राम गरेका परिक्रमा यात्री आज १५ औं दिन जनकपुरधाम फर्केर रात्री विश्राम गर्ने छन् ।

जनकपुरधाम फर्किने परिक्रमा यात्री आज जनकपुरधामको ऐतिहासिक बाह्रविघा रंगभूमि मैदान, तिरहुतियागाछी लगायत विभिन्न स्थानमा बास बस्ने छन्। रात्री विश्राम पछि भोलि अन्तरगृह परिक्रम गरेर पर्सि मात्रै जनकपुरधाममा होली मनाइने छ ।

मिथिलाको महाकुम्भ मानिने १५ दिने मध्यमा परिक्रमा जनकपुरधामको हनुमान नगर, बिहारको कलना स्थित कल्यानेश्वर, भारतकै फुलहर स्थित गिरिजा स्थान, महोत्तरीको मठिहानी, जलेश्वर, मडैई, धुव्रकुण्ड, कञ्चनवन, धनुषाको पर्वता, धनुषाधाम, सतोखर, औरही, भारत बिहारको करुणा, विसौल र जनकपुरधामसहित १ सय ३३ किलो मिटर भू-भागको पद यात्रा गरिन्छ ।

## निर्वाचन आचारसंहिताको पालना गर्न आयोगको आग्रह

काठमाण्डु । राष्ट्रिय मानव अधिकार आयोगले आसन्न निर्वाचनलाई शान्तिपूर्ण, भयरहित र मानवअधिकारमैत्री रूपमा सम्पन्न गर्नका लागि निर्वाचन आचारसंहिता पूर्ण रुपमा पालना गर्न आग्रह गरेको छ ।

निर्वाचन सफल पार्न सबैको भूमिका महत्वपूर्ण हुने भएकाले सबै पक्षले धैर्यता र संयमता अपनाउन, सामाजिक सञ्जालको दुरुपयोग नगर्न, गालीगलौज गर्ने प्रकारका सामग्री उत्पादन र प्रकाशन/प्रसारण नगर्न, शान्ति सुरक्षालाई थप मजबुत बनाउन, संभावित अवाञ्छित गतिविधि हुन नदिन तथा निर्वाचन आचारसंहिताको पूर्ण परिपालना गर्न आयोगले आग्रह गरेको छ । आयोगका प्रवक्ता डा टीकाराम पोखरेलद्वारा आज जारी प्रेस विज्ञप्तिमा निर्वाचनलाई मानवअधिकारमैत्री बनाई नागरिकको मानवअधिकारको सम्मान गर्न नेपाल सरकारलगायत सम्बद्ध सबै पक्षलाई आग्रह गरिएको उल्लेख छ ।

"आयोगले गरेको निर्वाचनपूर्वको अनुगमनको क्रममा उम्मेदवारबाट निर्वाचन आचारसंहिताको पूर्ण परिपालना हुन नसकेको पाइएको छ, देशका विभिन्न भागमा र्‍याली तथा सभामा बालबालिका सहभागी हुनु, पत्रकारमाथि धम्की तथा कुटपीट हुनु आचारसंहिता विपरीत हो", विज्ञप्तिमा भनिएको छ, "भौतिकरूपमा चुनाव चिह्नको प्रयोग हुनु, बिना अनुमति व्यक्तिका घरमा प्रचार सामग्री र झण्डा टाँगिनु, स्थानीय निकाय तथा प्रदेश सरकारका पदाधिकारी निर्वाचनको प्रचारप्रसारमा सहभागी हुने गरेको पाइएको छ ।"

अनुगमनका क्रममा उम्मेदवारले अनुमति बिना बढी सवारीसाधन प्रयोग गर्नु, मतदातालाई अनुचित प्रभाव पार्ने प्रयास गरिनु, दलका कार्यकर्ता र समर्थकले सामाजिक सञ्जालको दुरुपयोग गरी एकापसमा गालीगलौज गर्ने गरेको पाइएको छ ।रासस

## वन क्षेत्रका लागि जेसी योजना, लाभ बाँडफाँटमा ३५ प्रतिशत महिला अनिवार्य

काठमाण्डु । वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण (जेसी) रणनीति तथा कार्ययोजना २०८२-२०९१ सार्वजनिक भएको छ । वन तथा वातावरण मन्त्रालयले वन र वातावरण क्षेत्रलाई लैङ्गिक समानतायुक्त, अपाङ्गतामैत्री र सामाजिक रूपमा समावेशी बनाउने उद्देश्यसहित जेसी रणनीति तथा कार्ययोजना ल्याएको हो ।

एकदशक अवधिका लागि तयार गरिएको उक्त रणनीति तथा कार्ययोजनाले सङ्घ, प्रदेश र स्थानीय तहअन्तर्गतका सरकारी निकाय, सामुदायिक संस्था, निजी क्षेत्र तथा विकास साझेदारलाई नीतिगत र संस्थागत रूपमा समावेशी तथा उत्तरदायी बनाउने लक्ष्य लिएको छ ।वन तथा वातावरण क्षेत्रबाट हुने लाभको कम्तीमा ३५ प्रतिशत हिस्सा समानुपातिक समावेशी सिद्धान्तका आधारमा महिलाको सीप, उद्यमशीलता एवं नेतृत्व विकास र जीविकोपार्जन सुधारका लागि खर्च गर्ने रणनीति तथा कार्ययोजनाको उद्देश्य रहेको छ ।

यसैगरी, वन तथा वातावरण क्षेत्रबाट हुने लाभको कम्तीमा १५ प्रतिशत हिस्सा दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, मधेसीलगायत सीमान्तकृत समुदायको सीप, उद्यमशीलता एवं नेतृत्व विकास र जीविकोपार्जन सुधारका लागि खर्च गर्ने योजना पनि रणनीतिमा लिपिबद्ध गराइएको छ ।

रणनीतिअनुसार वन, वातावरण, जैविक विविधता तथा जलाधार क्षेत्रसँग सम्बन्धित विद्यमान नीति, ऐन, नियमावली र निर्देशिकालाई लैङ्गिक तथा सामाजिक समावेशी दृष्टिकोणबाट पुनरावलोकन गरिनेछ । सबै निकायले जेसी सुनिश्चित गर्ने कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरिएको छ।

यसैगरी, संस्थागत संरचनामा निर्णायक पदसहित कम्तीमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने, कर्मचारी नियुक्तिमा समावेशी सिद्धान्त लागू गर्ने तथा वञ्चित समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने प्रावधान रणनीतिमा समेटिएको छ ।

सामुदायिक वन उपभोक्ता समूह तथा अन्य समुदायमा आधारित समितिमा नेतृत्वदायी पदसहित कम्तीमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने व्यवस्था गरिएको छ । अध्यक्ष वा सचिव तथा उपाध्यक्ष वा कोषाध्यक्षमध्ये अनिवार्य रूपमा महिला प्रतिनिधित्व रहने उल्लेख छ ।

महिलाको नेतृत्व विकास, कार्यबोझ न्यूनीकरण तथा लैङ्गिक भूमिका परिवर्तनका लागि सामाजिक परिचालन कार्यक्रम सञ्चालन गरिने र लाभग्राहीको तथ्याङ्क लैङ्गिक र सामाजिक आधारमा खण्डीकृत रूपमा व्यवस्थापन गरिने रणनीति छ । यसैगरी सम्पन्नता स्तरीकरण र सामाजिक विश्लेषणका आधारमा सीमान्तकृत समुदायलाई बीउ पुँजी उपलब्ध गराई वनमा आधारित उद्यम प्रवर्द्धन गरिने योजना छ ।

### कार्यस्थलमा शून्य सहनशीलता

रणनीतिले वन तथा वातावरण क्षेत्रका सबै सरकारी, गैरसरकारी, सामुदायिक र निजी संस्थामा लैङ्गिक हिंसा तथा यौनजन्य दुर्व्यवहारविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्ने स्पष्ट गरेको छ। प्रत्येक संस्थामा आन्तरिक उजुरी समिति गठन गरी लैङ्गिक सम्पर्क व्यक्ति तोक्ने व्यवस्था गरिने रणनीतिमा उल्लेख छ। यौनजन्य दुर्व्यवहार (निवारण)सम्बन्धी कानुन तथा आचारसंहितासम्बन्धी अनिवार्य तालिम सञ्चालन गरिने पनि उल्लेख छ ।

### लैङ्गिक तथा अपाङ्गमैत्री पूर्वाधारमा जोड

कार्यालय, आवास, शौचालय




तथा अन्य पूर्वाधार निर्माण गर्दा महिला, यौनिक अल्पसङ्ख्यक र अपाङ्गमैत्री सुविधा सुनिश्चित गरिने लक्ष्य राखिएको छ । रणनीतिमा स्तनपान कक्ष, शिशु स्याहार कक्ष र महिनावारी मैत्री शौचालय व्यवस्थापनलाई प्राथमिकता दिइएको छ।

### अनुगमन र कार्यान्वयन

रणनीति कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी सम्बन्धित मन्त्रालयले बहन गर्नेछ । प्रत्येक पाँच वर्षमा समीक्षा तथा आवश्यक परिमार्जन गरिनेछ । कार्यान्वयनका लागि सङ्घ, प्रदेश, स्थानीय तह तथा वन उपभोक्ता समूहले बजेट व्यवस्था गर्ने तथा आवश्यक परे विकास साझेदारसँग सहकार्य गरिने जनाइएको छ ।

नयाँ रणनीतिले आगामी दशकमा वन तथा वातावरण क्षेत्रलाई समावेशी, सुरक्षित र न्यायोचित बनाउने अपेक्षा गरिएको छ ।

### ग्रामीण महिलाको जीविकोपार्जनमा सकारात्मक प्रभाव

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको लैङ्गिक सम्पर्क व्यक्ति मञ्जु घिमिरे सुवेदीले जेसी रणनीतिले ग्रामीण महिलाको जीविकोपार्जनमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको बताउनुभयो । "निर्णय प्रक्रियामा ५० प्रतिशत प्रतिनिधित्व सुनिश्चित हुँदा महिलाले वन तथा प्राकृतिक स्रोतको उपयोग, आयआर्जन र बजेट विनियोजनमा आफ्ना आवश्यकता र प्राथमिकताअनुसार प्रभाव पार्न सक्नेछ", उहाँले भन्नुभयो, "स्रोत तथा लाभको न्यायोचित बाँडफाँट, परम्परागत ज्ञान र सीपको प्रवर्द्धन तथा बजारसँग जोड्ने पहलले महिलाको आय र आत्मनिर्भरता वृद्धि हुनेछ ।"

उहाँले वर्तमान सन्दर्भमा वन विज्ञान अध्ययान गर्ने महलिा विद्यार्थी र विभन्न सरकारी तथा गैरसरकारी तहमा महिलाको प्रतिनिधित्व बढ्दो क्रममा रहेका सन्दर्भमा जेसीको नयाँ रणनीति ल्याइएको जानकारी दिनुभयो। सीमान्तकृत समुदायभित्रका एकल महिला, अपाङ्गता भएका महिलालगायत सबैभन्दा पछि परेका समूहसम्म लाभ पुग्ने सुनिश्चितताका लागि समानुपातिक समावेशी प्रतिनिधित्व अनिवार्य गरिएको घिमिरेको भनाइ छ।

लक्षित कार्यक्रम र बजेट विनियोजनमार्फत विशेष अवसर प्रदान गरिने, जेसी इकाइ तथा अनुगमन संयन्त्रमार्फत कार्यान्वयनको निगरानी गरिने उहाँले बताउनुभयो । साथै, विभेदविरुद्ध शून्य सहनशीलता नीति र अपाङ्गमैत्री पूर्वाधार व्यवस्थाले सुरक्षित र पहुँचयोग्य वातावरण निर्माण गर्ने अपेक्षा गरिएको घिमिरेले जानकारी दिनुभयो। सुरक्षित र विभेदरहित कार्य वातावरणले सहभागिता र उत्पादकत्व बढाउने घिमिरेको भनाइ छ। उहाँका अनुसार रणनीति निर्माण प्रक्रियामा महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति तथा यौनिक अल्पसङ्ख्यकको उल्लेखनीय सहभागिता थियो ।

### रणनीति सकारात्मक, तर प्रभावकारी कार्यान्वयनको आवश्यक छ : एनएफए

नेपाल वन प्राविधिक सङ्घ (एनएफ) को महासचिव सुनिता उलकले वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गता मैत्री तथा सामाजिक समावेशीकरण (जेसी) रणनीति तथा कार्ययोजना २०८२-२०९१ सार्वजनिक हुनु सकारात्मक कदम भएको टिप्पणी गर्नुभएको छ ।

"वन, जैविक विविधता तथा जलाधार व्यवस्थापनमा महिला, आदिवासी जनजाति, दलित, मधेसी, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायको भूमिका महत्वपूर्ण रहे पनि निर्णय प्रक्रिया र स्रोतसाधनमा पहुँच अझै समतामूलक हुन सकेको छैन", उहाँले भन्नुभयो, "यस रणनीतिले नीतिगत, संस्थागत तथा कार्यान्वयन तहमा समावेशीकरणलाई मूल प्रवाहीकरण गर्ने स्पष्ट दिशा दिएको छ ।"

यसको प्रभावकारिता प्रभावकारी कार्यान्वयन, पर्याप्त स्रोत व्यवस्थापन, नियमित अनुगमन र सबै तहका सरोकारवालाको प्रतिबद्धतामा निर्भर रहने उहाँको भनाइ छ।

महासचिव उलकले रणनीति कागजमै सीमित नराखी व्यवहारमा रूपान्तरण गर्नुपर्नेमा जोडसमेत दिनुभयो । "समावेशी नीति कार्यान्वयनमा रूपान्तरण भए मात्रै वन व्यवस्थापनमा वास्तविक परिवर्तन देखिन्छ", उहाँले भन्नुभयो, "अब रणनीतिलाई व्यवहारमा उतार्ने समय आएको छ ।"उलकले सङ्घ वनकर्मीको सञ्जालका रूपमा रणनीतिको सफल कार्यान्वयनका लागि प्राविधिक सहयोग, सचेतना अभिवृद्धि तथा संस्थागत सुदृढीकरणमा सहकार्य गर्न प्रतिबद्ध रहेको जानकारी दिनुभयो। रासस

## मधेशका सभामुख महामुर्ख



**टुडे समाचारदाता**

जनकपुरधाम । होली पर्वको अवसरमा जनकपुरधाममा आयोजना हुने महामुर्ख सम्मेलनमा यस वर्ष महामुर्खको उपाधी मधेसका सभामुख रामअशिष यादवलाई प्रदान गरिएको छ। उनलाई प्रशस्ती पत्र, तरुलको मालाले सुशोभित गरी सम्मान गरियो।

सम्मेलनमा राकेश कर्णलाई वैशाखानन्द, विभा झालाई तिलबिखनी, विपिनकुमार झा लबरसटका, हिमांशु चौधरी जी हजुरी, दिगम्बर झा दिनमणि पोंगा पण्डित, विश्वलाल सिंह पटमुर्ख, अञ्जु पाण्डे मनतोरिया, विजय राउत विषखोपरा र संचारकर्मी दीपक कर्णलाई लम्बोदरको उपाधीले सम्मान गएिको छ।

सो सम्मेलनमा सहभागी कविहरुले आ-आफ्नो कविताको माध्यले विभिन्न विषयवस्तु माथि कटाक्ष समेत गरेका थिए। यसअघि शनिवार होरैया महोत्सव सम्पन्न गरिसकेको छ।


### ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** तपाईको उर्जा स्थिर रहला तर धैर्य जरुरी छ।
**वृष :** अधुरा काम पुरा गर्न राम्रो दिन हो । परिश्रमको फल मिल्ने सम्भावना छ।
**मिथुन :** सृजनात्मक काममा मन लाग्नेछ । साथीभाईसंग सहकार्यले फाइदा मिल्नेछ।
**कर्कट :** परिवारको साथले मन खुशी हुने दिने हो। आर्थिक पक्ष सुधारतर्फ लाग्नेछ।
**सिंह :** काममा नयाँ चुनौती आउन सक्छ । सकारात्मक सोचले सफलता दिलाउनेछ।
**कन्या :** संकल्प र मेहनतले काम अघि बढ्नेछ।
**तुला :** साझेदारी र सहकार्यमा लाभ मिल्नेछ। परिवारसंग रमाइलो समय बित्नेछ।
**वृश्चिक :** मनमा उत्साह बढ्नेछ। रोकिएका काम अघि बढ्ने सम्भावना छ।
**धनु :** नयाँ विचार र योजनाले काममा फाइदा दिनेछ। साथीभाईसंग राम्रो समय बित्नेछ।
**मकर :** परिश्रमले सम्मान दिलाउने दिन हो । काममा प्रगति देखिनेछ।
**कुम्भ:** सृजनात्मक सोच बढ्नेछ। सामाजिक र नयाँ सम्बन्ध बनाउन सकिने दिन हो।
**मीन :** शान्त र सकारात्मक दिन हुनेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



पाकिस्तानको गिलगिट-बाल्टिस्तान क्षेत्रको स्कार्दुमा अमेरिका र इजरायल विरोधी प्रदर्शनमा शिया मुस्लिमहरू भेला भई इरानका सर्वोच्च नेता अली खामेनीको मृत्युबाट आक्रोशित इरानी समर्थक प्रदर्शनकारीहरूले मार्च १ मा पाकिस्तानको कराँचीस्थित अमेरिकी वाणिज्य दूतावासमा आक्रमण गर्ने प्रयास गरे, जसमा आठ जनाको मृत्यु भयो। पूर्वी शहर लाहोर र उत्तरी स्कार्दुमा पनि हजारौं मानिसहरू सडकमा निस्किरहेका थिए, राजधानी इस्लामाबादमा अमेरिकी दूतावास रहेको कूटनीतिक एन्क्लेभ नजिकै दिउँसो प्रदर्शन हुने अपेक्षा गरिएको छ। *फोटोः एएफपी*

# मौन अवधिमा आचारसंहिताको पूर्ण पालना गर्न पत्रकार महासंघको आग्रह

काठमाण्डु। नेपाल पत्रकार महासङ्घले निर्वाचनको मौन अवधिमा निर्वाचन आचारसंहिता र पत्रकार आचारसंहिताको पूर्ण पालना गर्न सञ्चारमाध्यम र पत्रकारलाई आग्रह गरेको छ।

यही फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका सन्दर्भमा सोमबार अपिल जारी गर्दै महासङ्घका अध्यक्ष निर्मला शर्माले पत्रकार र सञ्चारमाध्यमका सवार ासाधनलाई प्रेस पासका आधारमा निर्वाध रूपमा आवाज-जावत गर्ने व्यवस्था मिलाउन पनि आग्रह गर्नुभएको छ। सङ्कलनमा खटिएका पत्रकारलाई कुनै पनि किसिमका अवरोध नगर्न सबै सरोकार भएकाहरूलाई महासङ्घले आग्रह गरेको छ।



पछिल्लो समयमा 'सेल्फ सेन्सरपिस'को पीडा भोग्नुपरेको स्मरण गर्दै विज्ञप्तिमा भनिएको छ,"पत्रकार तथा सञ्चारगृहले नियामक निकाय प्रेस काउन्सिल र महासङ्घको प्रतिबद्धता एवं निर्वाचन आयोगद्वारा जारी आचारसंहिता पालनामा इमान्दारिताका साथ समाजप्रति उत्तरदायी भई समाचार प्रकाशन र प्रसारण गर्न उत्तिकै जरूरी छ। भ्रमपूर्ण सूचनाका आधारमा नभई सत्य, तथ्य सूचनालाई सम्प्रेषण गर्न आग्रह छ।"

पत्रकारलाई सुरक्षित रहेर कार्यस्थलमा जुट्न आग्रह गर्दै अध्यक्ष शर्माले लोकतन्त्रको सुन्दर पक्ष दलीय प्रतिस्पर्धाबाट जनमत प्राप्त गरी अनुमोदित हुनुभएकाले निर्वाचनका सन्दर्भमा संविधानले व्यवस्था गरेको पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई भरपुर निर्वाध रूपमा उपयोग गर्न पाउनुपर्ने माग गर्नुभयो।

समाजले नेपाली सञ्चारजगत्लाई कसरी हेरिरहेको छ भन्ने गम्भीर प्रश्न उब्जिए पनि संविधानले व्यवस्था गरेको पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई निर्वाध रूपमा उपयोग गर्न पाउनुपर्छ भन्नेमा महासङ्घ प्रष्ट रहेको विज्ञप्तिमा जनाइएको छ।रासस

# मिथिला मध्यमा परिक्रमाः सांस्कृतिक सम्बन्धको निरन्तरता



महोत्तरी। मिथिला माध्यमिकी परिक्रमाका यात्री दोहोर्याएर भारत पुगेका छन्। पन्ध्र दिने यो परिक्रमामा दोस्रो र तेस्रो दिन भारतको मधुवनी जिल्लाको कल्याणेश्वर (कलना) र गिरिजास्थान (फुलहर)मा बिताएका यात्री फेरि १३औं दिन शनिबार भारत पुगेका हुन्।

यात्राको उत्तरार्द्धतिर १३औं दिन मधुवनीकै करुणामा शनिबार रात बिताएका यात्री आज आइतबार १४औं दिन मधुवनीकै बिसौल पुग्दैछन्। बिसौलमा आइतबार परिक्रमाका यात्री मध्यान्हसम्म सबै पुग्नेछन्। आइतबार बिसौलको रात्रिबासपछि अन्तिम अर्थात् १५औं दिन भोलि सोमबार यात्री जनकपुरधाम पुग्नेछन्। महोत्तरी, धनुषा र मधुवनी जिल्लाका तीर्थस्थलहरूको परिक्रमा गरिने यो यात्रा नेपाल-भारत सांस्कृतिक सम्बन्धको अनुपम उदाहरण भएको सीमा वारिपारिका बासिन्दा बताउँछन्।

सीमापारिका भारततिर गुप्तामात्र नभएर आम सर्वसाधारण र जनप्रतिनिधिहरू पनि सीमा वारिपारिका नेपाली र भारतीय दुई फरक देशका नागरिक भए पनि दुःखसुख एकआपसमा बाँड्दै आएका बताउँछन्। नेपाल-भारतबीच सांस्कृतिक आदानप्रदानका कैयौं अवसर छन्।

यीमध्ये साउन शुक्लपक्षमा मनाइने झुलापर्व, कात्तिक शुक्लपक्षमा मनाइने छठ, मङ्सिर शुक्लपक्षको पञ्चमी तिथिमा मनाइने रामजानकी विवाह महोत्सव, फागुन शुक्लपक्षको मिथिला माध्यमिकी परिक्रमा र होली पर्व मुख्य छन्। यी धार्मिक तथा सांस्कृतिक उत्सवमा नेपाल र भारतका साधुसन्तदेखि घरगृहस्थीका सर्वसाधारणसम्म एकाकार हुँदै आएका नेपालतर्फ महोत्तरीको मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डल बताउनुहुन्छ।

"मिथिला माध्यमिकी परिक्रमाको चौथो दिन भारतको गिरिजास्थानबाट मटिहानी आउने यात्री मधवापुर बजारहुँदै आउँछन्, ती सबैलाई मधवापुरबासी स्वागत गर्दै नेपालतिर ल्याउँछन्", उहाँ भन्नुहुन्छ, "बीचको दशगजा वारिपारिका हामी बासिन्दा छौं, यो भूगोल थाहा नपाएका कुनै नयाँ यात्री हामीलाई (मटिहानी र मधवापुरवासी) हेरेर फरक देशका नागरिक भनेर खुट्याउनै सक्दैनन्।" दुवैतर्फका बोली, रीतिथिति, वेशभूषा र चाडपर्व समान हुँदा वारिपारि आउजाउ गर्दा कहिल्यै फरक देशको अनुभूति नहुने गरेको तत्कालीन मधवापुर ग्रामपञ्चायतका सरपञ्च बलराम मिश्र बताउनुहुन्छ। विगतमा नेपालका एफएम रेडियोहरूमा लामो समय विभिन्न कार्यक्रम प्रस्तुत गरेको हुँदा नेपाली बोल्न, लेख्न र पढ्न असजिलो नहुने मिश्रले प्रस्ट्याउनुभयो।

मिथिला माध्यमिकी परिक्रमा अघि त्रेतायुगमा श्रीराम र सीताजीले विवाहपश्चात विहार गर्ने क्रममा घुमफिर गर्नुभएका पदचापको अनुशरण मानिन्छ। प्राचीन मिथिला (विदेह) राज्यको राजधानी जनकपुरधामलाई केन्द्र (माझ)मा राखेर १३३ किलोमिटरको बृत्तमा १५ दिन गरिने मध्यमा परिक्रमामा मधुवनी जिल्लामा चार रात्रिबासको परम्परा छ। यस यात्रामा सरिक हुने नेपाली र भारतीय उत्तिकै हुन्छन्। यात्रामा को भारतीय र को नेपाली भनेर नचिनिने जलेश्वर-५ पतैलीका बासिन्दा मैथिल संस्कृतिविद् ध्रुवराय बताउनुहुन्छ।

"यो यात्रा साधुसन्तले भनेजस्तै साँच्चै अलौकिक छ, अनि आनन्द र निस्फिक्रीको पनि", राय भन्नुहुन्छ, "यात्राको सवल पक्षमा नेपाल भारतका सांस्कृतिक सम्बन्धका कुरा छन्, यस यात्रामा नेपाल-भारत दुवै देशका क्षेत्र र नागरिक सम्मिलित हुन्छन्, यो हाम्रो बहुआयामिक सम्बन्धको सेतु पनि हो।"

फागुन औंसीदेखि सुरु भई शुक्लपक्षभरिका १५ दिनको यो यात्रामा १५ रात्रिबासको परम्परा छ। जसमा नेपालतर्फ ११ र भारततर्फ मधुवनी जिल्लामा चार रात बिताइने गरिन्छ। यो यात्रामा दोस्रो, तेस्रो, १३ औं र १४ औं दिनको रात्रिबास भारतको मधुवनी जिल्लाका क्रमशः कल्याणेश्वर (कलना), फुलहर (गिरिजास्थान), करुणा र बिसौलमा गरिन्छ। नेपालतर्फ ११ दिनमा छ धनुषा र पाँच महोत्तरीमा गरिन्छन्।

मिथिला माध्यमिकी परिक्रमाका कथाबस्तु सबै नेपाल-भारतका समान छन्। श्रीराम भारतीय र सीताजी नेपालकी छोरी। यो वैवाहिक सम्बन्धदेखि नै यता दुवैतर्फ बिहाबारी सघन हुँदै आएको परिक्रमाको १३औं दिनको रात्रि विश्रामस्थल रहेको मधुवनी जिल्लाको करुणाका बासिन्दा ७० वर्षीय श्रीनिवास पाण्डे बताउनुहुन्छ। यी सांस्कृतिक परम्पराले राज्यराज्यबीचको सम्बन्धलाई अझ सुदृढ गरेको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठका प्राचार्य हेमनारायण लाल कर्णको भनाइ छ।रासस

> फागुन औंसीदेखि सुरु भई शुक्लपक्षभरिका १५ दिनको यो यात्रामा १५ रात्रिबासको परम्परा छ। जसमा नेपालतर्फ ११ र भारततर्फ मधुवनी जिल्लामा चार रात बिताइने गरिन्छ।

# 'सहिद परिवारको दुखेसो कसैले बुझेनन्'

वीरगञ्ज।मधेस आन्दोलनमा सहादत्त प्राप्त गरेका सहिद धर्मराज सिंह राजपुतको ६० वर्षीय आमा कलावतीदेवी सिंह राजपुतको मन भने अहिले पनि खिन्न छ। दश वर्षअघि आफ्नो २२ वर्षे छोरा गुमाउनुभएकी कलावतीदेवीको मुहारमा अझैसम्म पनि उत्साहको सञ्चार हुन सकेको छैन।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका उम्मेदवार भने भोट माग्नको लागि उहाँको घरदैलोमा माग्दै हिँडिरहेका दृश्य देख्दा आफ्नो मन छियाछिया हुने गरेको उहाँ दुःखेसो पोख्नुहुन्छ। "मेरो छोराले देशका लागि सहादत प्राप्त गर्‍यो", उहाँले भन्नुभयो, "हामी सहिद परिवारको दुःख भने कसैले बुझिदिएनन्", उहाँले गहभरि आँशु झार्दै भन्नुभयो, "हाम्रो छोराले मधेस आन्दोलनको क्रममा आफ्नो सहादत प्राप्त गरे तर कसैले पनि हाम्रो परिवारको दुःखलाई हेर्ने काम गरेका छैनन्।" सहिद परिवारले भोग्नुपरेको पीडाका बारेमा भने कसैले वास्ता नगरेको उहाँको गुनासो छ।

"राजनीतिक दलका नेताले सहिदहरुलाई केबल राजनीति गर्ने सिँढी मात्रै बनाउने काम गरे", उहाँले भन्नुभयो, "सहिद परिवारले भोग्नुपरेको पीडा र दुःखलाई कसैले पनि बुझ्ने प्रयास गरेनन्", उहाँले भन्नुभयो, "सहिद धर्मराजसिंह राजपुतका दाजु करणसिंह राजपुतले दुई वर्षअघि साना तथा घरेलु उद्योग कार्यालय वीरगञ्जमा करारको जागिर पाउनुभएको थियो। तर, उहाँको करारको अवधि थप नभई दैनिक ज्यालादारीमा झारेपछि र नियमित तलब पनि नपाएकाले जागिर नै छोड्नुपरेको गुनासो गर्नुभयो। "हाम्रो परिवारको आम्दानीको स्रोत पनि राम्रो छैन भएको करारको जागिरको पनि म्याद थप नभएपछि छाडेको हुँ, हामी सहिद परिवार त राजनीति गर्नेका लागि टेको मात्रै हुने रहेछौँ", करणले भन्नुभयो। सहिद राजपुतको २०७२ भदौ १५ गते सुरक्षाकर्मीको गोली लागेर निधन भएको थियो। सहिद हुनु केही दिन अघिसम्म उहाँ धर्मराज सशस्त्र प्रहरी बल नेपालमा कार्यरत हुनुहुन्थ्यो।



मधेस आन्दोलन चर्किएसँगै भाइले सशस्त्र प्रहरी बलबाट राजिनामा दिएर आन्दोलनमा होमिएको दाजु करणले स्मरण गर्नुभयो। "करारको जागिर जोगाउन मैले धेरै हन्डर खाए तर कतैबाट पनि सहयोग नपाएपछि अन्ततः छोड्ने निर्णय गरेँ", उहाँले भन्नुभयो। मधेस आन्दोलनका सहिद धर्मराज सिंह राजपुतको परिवार मात्रै होइन्, अर्का सहिद दिलीप चौरसियाका ६० वर्षे आमा रामज्योत्ति चौरसियाका आँखा पनि आफ्नो छोरा दिलीपको यादले अझै पनि रसाउँछन्।

वीरगञ्ज महानगर-२२ स्थित आफ्नो आँगनमा टोलाएर बसिरहनुभएकी आमा रामज्योतिलाई आफ्नो छोराले ज्यान गुमाएको हिजो जस्तै लाग्छ। तर, मधेस आन्दोलनको क्रममा दिलीप चौरसियाले २०७२ भदौ १४ गते निधन भएको थियो। "कान्छो छोरा आइहाल्छ जस्तै लाग्छ", भावुक हुँदै आमा रामज्योतिले भन्नुभयो, "छोराले निधनपछि मधेसमा केही परिवर्तन होला भन्ने आशा राखेका थियौँ तर केही पनि हुनसकेन।" सिभिल इञ्जिनियरिङ अध्ययन गरिरहेका दिलीपले पढाइको अन्तिम सङ्घारमा पुगेको बेला सुरक्षाकर्मीको गोली लागेर सहादत प्राप्त गर्नुभएको थियो।

सहिद दिलीपका जेठा दाजु पृथ्वीनारायण चौरसियाले मधेस र मधेसका जनताको अधिकार प्राप्तिको लागि आफ्ना भाइहरुले ज्यान गुमाए पनि मधेसका राजनीतिक दल तथा नेताले सत्तामा अघि बढ्ने भर्‍याङ मात्रै बनाएको आरोप लगाउनुभयो। ''राजनीतिक नेताले हामी जस्ता सहिद परिवारलाई बिर्से,'' उहाँले भन्नुभयो,''जुन उद्देश्य र जुन अधिकार प्राप्त गर्नका लागि हाम्रा भाइहरुले ज्यान गुमाए सो उपलब्धि संस्थागत नहुँदा भने मन दुख्दछ।''

मधेस आन्दोलनका सहिद परिवार मात्रै नभएर मधेस आन्दोलनका जिउँदा सहिद मुन्सी पटेल पनि अहिले दिक्दारी व्यक्त गर्नुहुन्छ। जिउँदा सहिद पटेल गत माघ ८ गतेदेखि नारायणी अस्पतालको सर्जिकल वार्डको श्यया नं ११० मा पुरानो घाउ बल्झिएर उपचारत हुनुहुन्छ। नेपालको संविधान जारी भएको दिन अर्थात २०७२ असोज ३ गते सुरक्षाकर्मीले चलाएको गोली लागेर उहाँको कम्मरमुनिको भाग चल्दैन। गोलीकै कारणले बेलाबखतमा उहाँको पुठ्ठामा लागेको चोट बल्झिएसँगै अस्पतालमा भर्ना भएर उपचारको क्रममा रहनुभएको छ। "मधेस आन्दोलनको क्रममा पाएको चोटले अझैसम्म पनि दुख दिन छाडेको छैन,'' उहाँले भन्नुभयो,''हामीले संविधानमा भएका केही प्रावधानको विरोध गर्दै आन्दोलनमा होमिएका थियौं तर अहिले आफ्नो अवस्था भने विजोग भएको छ।''

"मधेस आन्दोलनका क्रममा धेरै आमाको कोख रित्तियो। धेरै श्रीमतिको सिंदूर पुछियो तर यहाँका राजनीतिक दलले भने सहिद तथा घाइते परिवारकालाई भने बिर्सिएको देख्दा निकै दुःख लाग्छ", उहाँले भन्नुभयो। पर्सामा प्रतिनिधिसभा सदस्य निर्वाचनको चार क्षेत्र रहेका छन्। चार क्षेत्रबाट स्वतन्त्रसहित १०७ उम्मेदवारले उम्मेदवारी दर्ता गराएका छन्। पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पर्सामा शान्तिसुरक्षाको उचित प्रबन्ध मिलाउँदै आइरहेको बताउनुभयो। पर्सामा १६७ वटा मतदानस्थल छन्। मतदानस्थलमध्ये ६२ मतदानस्थल अतिसंवेदनशीलको सूचीमा राखिएको छ ८५ वटा संवेदनशील र २० वटा कम संवेदनशीलको सूचीमा राखिएको छ।रासस

# नेपाली नागरिकको सुरक्षा गर्न सरकारको ध्यानाकर्षण

काठमाण्डु। नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाली नागरिकको सुरक्षामा आँच आउन नदिन प्रभावकारी व्यवस्था मिलाउन सरकारसमक्ष माग गर्नुभएको छ।

इरानमाथि अमेरिका र इजरायलबाट भएका आक्रमण तथा त्यसपछि विकसित घटनाले मध्यपूर्व क्षेत्रमा गम्भीर तनाव सृजना भएको उल्लेख गर्दै संयोजक दाहालले यस परिस्थितिप्रति गहिरो चिन्ता व्यक्त गर्नुभएको छ।

"यस स्थितिमा मध्यपूर्वमा कार्यरत लाखौं नेपालीको सुरक्षा हाम्रो प्रमुख प्राथमिकता हो", संयोजक दाहालले भन्नुभएको छ, "विकसित परिस्थितिको प्रत्यक्ष प्रभाव उनीहरूमा पर्न सक्ने भएकाले नेपाल सरकारलाई उच्च सतर्कता अपनाउन, आवश्यक



कूटनीतिक पहल गर्न तथा कुनै पनि नेपाली नागरिकको सुरक्षामा आँच आउन नदिन प्रभावकारी व्यवस्था मिलाउन आग्रह गर्दछु।"


यस्तै पूर्वसभामुख देवराज घिमिरेले द्वन्द्वग्रस्त देशमा रहेका नेपाली दूतावासलाई त्यहाँ रहेका नेपाली नागरिकको अवस्था निरन्तर अनुगमन गर्न, आवश्यक परे आपत्कालीन सहायता तथा उद्धार तयारी अवस्थामा राख्न र सूचना प्रवाहलाई प्रभावकारी बनाउन अनुरोध गर्नुभएको छ। मध्यपूर्व क्षेत्रमा पछिल्लो समय बढ्दो सैन्य तनाव तथा आक्रमण-प्रत्याक्रमणका घटनाले आफूलाई चिन्तित तुल्याएको उहाँले उल्लेख गर्नुभएको छ।

संयुक्त अरब इमिरेट्स, इजरायल, इरान, कतार, साउदी अरब, कुवेतलगायतका मध्यपूर्वी देशमा विकसित परिस्थितिले त्यहाँ कार्यरत तथा बसोबास गरिरहनुभएका नेपाली दिदीबहिनी तथा दाजुभाइको सुरक्षाप्रति थप संवेदनशील बनाएको पूर्वसभामुख घिमिरेको भनाइ छ।

विशेष परिस्थितिमा ती देशमा रहेका नेपाली नागरिकलाई सजग रहन, स्थानीय प्रशासनका निर्देशन पालना गर्न, अनावश्यक रूपमा भीडभाड र जोखिमयुक्त स्थानमा नजान तथा आफ्नो राहदानी र आपत्कालीन सम्पर्क विवरण अद्यावधिक राख्न उहाँले आह्वान गर्नुभएको छ। विश्व शान्ति, क्षेत्रीय स्थिरता र मानव सुरक्षाका पक्षमा नेपाल सधैं दृढ उभिने पूर्वसभामुख घिमिरेले विश्वास व्यक्त गर्नुभएको छ।

पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराई र राष्ट्रिय स्वतन्त्र पार्टीका अन्तरराष्ट्रिय विभाग प्रमुख शिशिर खनालले पनि विज्ञप्तिमार्फत नेपाली नागरिकको सुरक्षा सर्वोपरी दायित्व भएकाले कूटनीतिक पहल, समन्वय र पूर्वतयारीमार्फत कुनै पनि आकस्मिक अवस्थासँग जुध्न सरकार पूर्ण रूपमा तयार रहोस् भन्ने ध्यानाकर्षण गराउनुभएको छ। पूर्वप्रधानमन्त्री डा भट्टराईले संवेदनशील घडीमा नेपाल सरकारले जिम्मेवार, दूरदर्शी र प्रभावकारी कदम चाल्ने विश्वास व्यक्त गर्नुभएको छ।

त्यसैगरी, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले मध्यपूर्वमा विकसित पछिल्लो तनावपूर्ण परिस्थितिप्रति चिन्ता व्यक्त गरेको छ। सो पार्टीका केन्द्रीय अध्यक्ष राजेन्द्र लिङ्देनले त्यस क्षेत्रका विभिन्न देशमा रहनुभएका नेपाली नागरिकको सुरक्षा हाम्रो प्राथमिक चिन्ताको विषय भएकाले तनावपूर्ण क्षेत्रमा रहनुभएका नेपालीको सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै उच्च सतर्कता अपनाउन नेपाल सरकारसमक्ष आग्रह गर्नुभएको छ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# खाडीमा रहेका नेपालीको उद्धार गर

इरानविरुद्ध अमेरिका-इजरालयलले थालेको युद्धका दौरान दक्षिणी हर्मोजगान प्रान्तको मिनाब सहरमा भएको हवाई हमलामा बालबालिकासहित ५१ जनाभन्दा बढीको मृत्यु भएको थियो । अझै पनि युद्ध निरन्तर जारी नै रहेको छ । अमेरिका-इजरायलद्वारा इरानमाथि गरिएको आक्रमण तथा सर्वोच्च नेता अयातोल्लाह अली खामेनेईको मृत्यु भएको पुष्टि भइसकेको छ । यसबारे शक्ति राष्ट्र चीनले वक्तव्य जारी गर्दै चीनले 'संयुक्त राष्ट्र संघको चार्टरका उद्देश्य र सिद्धान्तहरूविरुद्ध' भनेको छ । चीनले शान्ति कायम राख्न पनि अपिलसमेत गरेको छ । यसअघि रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले पनि खामेनेईको मृत्युप्रति दुःख व्यक्त गरेका थिए । उनले खामेनेई र उनका परिवारका सदस्यहरूको मृत्युलाई 'मानव नैतिकता र अन्तर्राष्ट्रिय कानुनविरुद्धको हत्या' भनेका छन् । यस अघि इरानको होर्मोजगान प्रान्तको विद्यालयमाथि गरिएको इजरायली आक्रमणमा परी मारिने विद्यार्थीको संख्या दुई दर्जनभन्दा बढी पुगेको छ । उक्त घटनामा ठूलो संख्यामा मानिसहरु घाइते भएका छन् । इरानको मेहर समाचार संस्थाले राजधानी तेहरानमा भएको अर्को आक्रमणमा दुई जना विद्यार्थीको मृत्यु भएको जनाएको छ । त्यसको प्रतिउत्तरमा इरानले अमेरिकाको सैन्य अड्डालाई टार्गेट बनाउँदै युएइसहित विभिन्न मुलुकमा आक्रमण गरी जवाफ फर्काएको जनाएको छ । अमेरिका र इजरायलले केवल सैन्य पूर्वाधारलाई मात्रै आक्रमण गरेको दाबी गरे पनि तेहरानमा सर्वसाधारणमाथि पनि आक्रमण भएको हुनु दुःखद हो । इरानले आफुमाथि भएको आक्रमणको जवाफमा खाडी क्षेत्रमा रहेका अमेरिकी सैन्य अखडामा प्रत्याक्रमण गरेको जनाएको छ । खाडी समन्वय परिषद् (जीसीसी) का ६ सदस्य देशमध्ये ५ वटा देश बहराइन, कुवेत, कतार, साउदी अरेबिया र युएईमा रहेका अमेरिकी सेनाका अखडामा ईरानले आक्रमण गरेको छ । इरानले प्रत्याक्रमणका क्रममा मध्यपर्वूमा रहेका इजरायल र अमेरिकी सेनाका अखडाहरुमा ठूलो क्षति पुगेको दाबी गरेको छ । त्यस्तै बहराईनको मानामास्थित अमेरिकी जलसेनाको फिफ्थ फ्लिटको मुख्यालय नजिक इरानले हमला गरेको थियो । यसै क्षेत्रमा कतार र कुवेतले आफ्नो एयर स्पेसमा मिसाइल प्रहार भएको र त्यसलाई सफलतापूर्वक रोकिएको जनाएको छ । नेपालीको सुरक्षामा ध्यान दिन सरकारलाई आग्रह मध्यपूर्वमा रहेका नेपालीको सुरक्षामा ध्यान दिन नेपाली कांग्रेस, नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले सरकारलाई आग्रह गरेको छ । जसले गर्दा मध्यपूर्वमा रहेका नेपालीसहितको जनजीवन प्रभावित भएको छ । यसलाई लिएर प्रमुख तीन दलको नेतृत्वले सरकारको ध्यानाकर्षण गराएका छन् । यस्तो अवस्थामा नेपाल सरकारले आफ्नो नागरिकको सुरक्षाबारे गम्भीर ध्यानाकर्षण गर्दै तत्काल उद्धार प्रक्रियातर्फ केन्द्रित गर्नु आवश्यक रहेको छ ।

## आसन्न निर्वाचन :

# डिजिटल युगमा लोकतन्त्रको परीक्षण



● धर्मेन्द्र झा

कुनै ठूलै बिघ्नबाधा उत्पन्न नभए नेपाली मतदातताले प्रतिनिधिसभा सदस्यको चुनाव गर्न आजको चौथौँ दिन अर्थात् २०८२ फागुन २१ गते बिहीबार मतदान गर्नेछन् । निर्वाचन आयोगले शुक्रबार (फागुन १४) पत्रकार सम्मेलनमार्फत निर्वाचन सुनिश्चितताबारे सबै सरोकारवालालाई आश्वस्त बनाउने प्रयत्न गरेको छ । आयोगले उम्मेदवार मनोनयनको प्रक्रिया सम्पन्न गरेर पछिल्लो समयमा कानुनी प्रक्रियाका आधारमा आचारसंहिता लागू गर्ने र मतदाता शिक्षालगायत कार्य गर्दैछ । यो निकै सकारात्मक छ । यति हुँदाहुँदै पनि सम्भावित चुनौतीबारे सबैले सचेत रहनु जरुरी छ ।

समयसँगै भित्रिएको प्रविधिगत विकासले निम्त्याएको/निम्तिएको चुनौती त्यस्तै एक होभन्दा अन्यथा नठहरिएला । प्रविधिगत चुनौतीको कुरा गर्दा सर्वाधिक प्रमुख छ सञ्चार प्रविधि क्षेत्रको चुनौती । प्रविधिगत विकासका आयामलाई प्रत्येक अवस्थामा चुनौती मानिनु हुँदैन, होइन पनि । तर यिनको प्रयोग कुनै पनि व्यक्ति वा समूहले आफ्ना नीहित स्वार्थलाई सर्वोपरि मानेर अरुलाई नकारात्मक असर पर्नेगरी प्रयोग गर्ने मनसाय राख्छ वा प्रयोग गर्छ भने त्यसले निश्चित रुपमा चुनौती निम्त्याउँछ । यस अवस्थाबाट अर्थात् यस्तो चुनौतीबाट आसन्न निर्वाचनको प्रक्रिया पनि प्रभावित छैन वा हुँदैन भनेर भन्न सकिने अवस्था नरहन सक्छ । प्रविधिको सदुपयोगले मानव जीवनलाई सहज र सुविधासम्पन्न बनाउँछ भन्ने अपेक्षा र विश्वास गरिन्छ तर यो कुरा निश्चय पनि यसको प्रयोगको विधि र नियतमा भरपर्छ ।

निर्वाचन लोकतन्त्रलाई थप मजबुत बनाउने, सामाजिक सद्भाव र वैचारिक सहअस्तित्वलाई गहिरो बनाउने अवसर पनि हो । आसन्न निर्वाचनका माध्यमबाट निषेध र अराजक सोचलाई विस्थापित गर्दै कानुनको शासन र सुशासनका पक्षमा नयाँ, जिम्मेवार सोचको उदय हुनुपर्छ र यसका लागि मतदाताको विवेकपूर्ण निर्णय अत्यन्तै महत्वपूर्ण हुन्छ । निश्चय पनि आसन्न चुनाव सचेत नागरिकको निर्णयले ऐतिहासिक बन्न सक्नुपर्छ । हामी सबैलाई जानकारी छ, प्रतिनिधिसभा निर्वाचन नजिकिँदै गर्दा राजनीतिक गतिविधि तीव्र बन्दै गएका छन् । नागरिकलाई आफ्ना प्रतिनिधि छान्ने संवैधानिक अधिकार प्रदान गर्ने निर्वाचन लोकतन्त्रको सुदृढीकरणका लागि एक महत्वपूर्ण आधार हो ।

माथि पनि चर्चा गरियो, यसपटकको निर्वाचनका सन्दर्भमा सूचना प्रविधिको विकास एक बलियो चुनौतीका रुपमा उपस्थित भएको छ । यसपटकको निर्वाचनमा परम्परागत प्रचारप्रसारसँगै डिजिटल प्लेटफर्म र अनलाइन स्पेसको प्रयोग अत्यधिक बढेको छ । यही बढ्दो डिजिटल प्रयोगसँगै केही गम्भीर चुनौती पनि सतहमा देखिएका छन् । जतिजति चुनाव नजिकिँदैछ, आफ्नै स्वार्थका लागि अरूको बदनाम गर्ने प्रवृत्ति पनि बढ्दो छ । यस कार्यमा सूचना प्रविधिको प्रयोग गरिँदैछ र डिजिटल स्पेसलाई माध्यम बनाइँदैछ । फेक खबर, डिपफेक भिडियो, घृणा फैलाउने सामग्री अहिले कुनै पनि मतदाताका मोबाइलमै आइपुग्न सक्छन् । मतदातासामु भावनामा बगेर नझुक्किने चुनौतीको सामाना गर्ने बाध्यात्मक अवस्था आइपर्न सक्छ । विचारणीय छ, आफ्नो मोबाइलसम्म अनपेक्षित, अनिच्छित र अवाञ्छित रुपमा आइपुगेका सूचनालाई पुष्टि गरेर मात्र प्रयोग गर्ने वा नगर्ने अतिरिक्त मानसिक दबावमा छन् मतदाता ।

आजका मतदाता कुनै पनि सूचनामाथि त्यतिकै सरल र सहज रुपमा विश्वास गरिहाल्नसक्ने अवस्थामा छैनन्भन्दा असत्य ठहर्दैन । निश्चय पनि अप्रमाणित कुराका आधारमा धारणा बनाउनु उचित हुँदैन । इन्टरनेटमा आधारित माध्यमको प्रयोग गरेर स्वार्थ समूहले फैलाएको 'प्रोपोगण्डा'को उपस्थितिमा मतदाता दिग्भ्रमति हुनसक्ने अवस्थामा छन् र उनीहरु उचित निर्णय लिने क्रममा अत्यन्तै सकसपूर्ण अवस्थाको सामाना गर्न बाध्य छन् । मतदाताले सचेत अवस्थामा उचित निर्णय गर्न नसकेको अवस्थामा कसैको पनि असहमति नहोला, वर्तमानमा फेसबुक, टिकटक, युट्युब, एक्स (ट्विटर)जस्ता प्लेटफर्महरू राजनीतिक बहस र प्रचारका प्रमुख माध्यम बनेका छन् । आसन्न निर्वाचन पनि अपवाद बन्ने कुरा भएन । उम्मेदवार र दलहरूले मतदातासम्म छिटो र प्रत्यक्ष रुपमा पुग्न डिजिटल माध्यमलाई प्राथमिकता दिएका छन् । यसले सूचना पहुँच सहज बनाएको छ र युवापुस्ताको सहभागिता पनि बढाएको मान्न सकिएला तर यसै उपक्रममा अनेक जटिलता पनि थपिएका छन् । सकारात्मक पक्षसँगै नकारात्मक पक्ष पनि उत्तिकै देखिन थालेका छन् ।

डिजिटल स्पेसमा मिथ्या सूचना, दुराशययुक्त सूचना र अफवाहहरूको बाढी आएको छ । कतिपय अवस्थामा झुटा भिडियो, फोटो सम्पादन, एआईमार्फत बनाइएका नक्कली आवाज, भ्रामक तथ्याङ्क आदिको प्रयोग गरी मतदातालाई भ्रमित पार्ने प्रयास भइरहेको देखिन्छ । यसले आममतदाताको मनोविज्ञानमा प्रभाव



गलत सूचनाले हाम्रो लोकतन्त्रलाई नै भ्रमित बनाउन सक्छ ।

प्रविधिको प्रयोग नराम्रो होइन तर दुरुपयोग भने नराम्रो हो । यो आलेख तयार गर्ने सन्दर्भमा पनि एआई (कृत्रिम बौद्धिकता)लगायतका सूचना प्रविधिसम्बद्ध संयन्त्रहरुको सहयोग लिने प्रयत्न गरिएको छ । केही प्रश्न सोधेर उत्तर खोज्ने र सही विश्लेषण्को प्रयत्न भएको छ । उद्देश्य आममतदाताको हित रक्षा हो । यसलाई नकारात्मक मान्न नसकिएला, तर यही संयन्त्रलाई प्रयोग गरेर कसैले गलत सूचनामा आधारित विश्लेषण प्रस्तुत गरेर मतदातालाई आफ्नो स्वार्थ अनुकूल प्रभावित गर्ने उद्देश्य राख्दछ भने निश्चय पनि त्यो गलत हो ।

डिजिटल स्पेसले विगतको निर्वाचन प्रचारको शैलीलाई नै परिवर्तन गरेको छ । वर्तमानको डिजिटेल स्पेसले विगतका निर्वाचनमा प्रयोग हुने गरेको पर्चा, पोस्टर-पम्प्लेटको स्थान, स्वरुप र शैलीमा परिवर्तन गरेको छ । यी सबै कार्य अहिले डिजिटल प्लेटफर्ममार्फत हुन थालेका छन् ।

यस्तै विगतको भित्तेलेखनले पनि कुनै न कुनै रुपमा डिजिटल स्पेसमा स्थान सुरक्षित गरेको छभन्दा अन्यथा ठहर्दैन । विगतमा घरदैलो कार्यक्रम, आमसभा, सञ्चारमाध्यम मुख्य प्रचार माध्यम हुन्थे भने अहिले सामाजिक सञ्जाल, अनलाइन न्यूज पोर्टल, भिडियो प्लेटफर्म, म्यासेजिङ एप र एआई प्रविधिको प्रयोगले प्रचारको स्वरूप नै परिवर्तन गरिदिएको छ । पार्छ, उनीहरूलाई अन्योलमा पार्छ र गलत निर्णय लिन प्रेरित गर्न सक्छ । माथि पनि चर्चा गरियो उचित निर्णयको अभावमा समग्र लोकतन्त्र नै प्रभावित हुनसक्ने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन । निर्वाचन आयोग यस सम्भावनाप्रति सचेत छ र आवश्यक पहल गरिरहेको छ तर आयोग मात्रैको प्रयासले यो कार्यमा सायद पूर्णतः सफलता प्राप्त गर्न कठिन हुन सक्छ । सबैको सहयोग अपेक्षित छ ।

एल्गोरिदमद्वारा सिर्जित हुने 'इको चेम्बर' डिजिटल प्लेटफर्मको अर्को चुनौती हो । सामाजिक सञ्जालले प्रयोगकर्तालाई उनीहरूले रुचाएका वा पहिले हेरेका वा प्रयोग गरेका जस्तै सामग्री बारम्बार देखाउँछ । यसले व्यक्ति एउटै विचारधारामा सीमित हुने र फरक दृष्टिकोण सुन्न नचाहने अवस्था सिर्जना गर्छ । यस अवस्थामा स्वस्थ बहस र सहिष्णु संवादको संस्कृति कमजोर हुनसक्ने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन । मतदाताले बहुआयामिक सूचना पाउन नसक्दा स्वतन्त्र निर्णय गर्ने क्षमतामा असर पर्न सक्छ ।

आयोगका अनुसार शुक्रबारसम्म स्वच्छ निर्वाचन प्रभावित पार्ने उद्देश्यले निर्माण गरिएका ६१२ वटा 'टक्सिक सूचना सामग्री'लाई कारबाही गरिएको छ । आयोगका अनुसार विभिन्न नियामक निकायसँगको समन्वयमा त्यस्ता 'टक्सिक सूचना सामग्री'लाई कारबाही गरिएको हो । आयोगको कारबाहीमा परेका त्यस्ता 'टक्सिक सूचना सामग्री'मध्ये ५४ प्रतिशत एआई निर्मित छन् । यस सन्दर्भमा एउटा कुरा मननीय छ, त्यो के भने कारबाही गरिएका उक्त परिमाणका 'टक्सिक' सूचना सामग्री निर्वाचन आचारसंहिता लागू भएपछिका दिनका हुन् । निर्वाचन त तिथि घोषित भएकै मितिदेखि दल, उम्मेदवार र मतदातालाई लागिसकेको पृष्ठभूमिमा यस्ता मिथ्या सूचना कति प्रवाहित भएका होलान् ? निश्चय पनि यकीन गर्न सकिँदैन ।

यतिमात्र होइन, डिजिटल स्पेस असुरक्षित बन्दै गएको आँकलन गरिएको छ । जानकारहरुका अनुसार व्यक्तिगत डाटा चोरी, गोपनीयता उल्लङ्घन, ट्रोलिङ, साइबर दुर्व्यवहार र घृणात्मक अभिव्यक्तिजस्ता समस्या पछिल्ला समयमा बढेका छन् । यस्तोमा यी समस्याको उपस्थितिमा राजनीतिक प्रतिस्पर्धा तीव्र हुँदा अनलाइन आक्रमण र चरित्र हत्या गर्ने प्रवृत्ति बढ्न सक्छ । यस्तो वातावरणमा आममतदाताले मानसिक दबाब महसुस गर्न सक्छन् । लगातार नकारात्मक सन्देश, उत्तेजक सामग्री र भय पैदा गर्ने सूचनाले तनाव र असुरक्षा बढाउनु स्वाभाविक हो । अहिलेको अवस्थामा यो प्रवृत्ति हाबी हुन खोजेको छ भन्नु असङ्गत हुँदैन । भोलि १८ गतदेखि मौन अवधि सुरु हुँदैछ । यस अवधिमा परिचित वा अपरिचित डोमेनबाट डिजिटल स्पेसमार्फत हस्तक्षेप बढाउने प्रयास हुनसक्छ । अतः यस अवधिमा डिजिटल स्पेसको अनुगमन अझै सावधानी अपनाउनु अपरिहार्य छ ।

एआइ प्रविधि स्वयंमा सकारात्मक सम्भावना बोकेको साधन हो । यसलाई मतदाता शिक्षा, तथ्य परीक्षण, सूचना विश्लेषण र पारदर्शिता बढाउन प्रयोग गर्न सकिन्छ । तर हाल एआईको नकारात्मक प्रयोग बढी हुन थालेको आशङ्का छ । उदाहरणका लागि, एआईमार्फत नक्कली भिडियो वा अडियो बनाएर उम्मेदवारको छवि बिगार्ने प्रयास, गलत उद्धरण फैलाउने वा सामाजिक विभाजन बढाउने सामग्री उत्पादन गर्नेजस्ता गतिविधि हुन सक्छन् । निश्चय पनि यसबाट लोकतान्त्रिक प्रक्रियामा प्रत्यक्ष असर पर्न सक्छ ।

लोकतन्त्रको मूल आत्मा भनेको स्वतन्त्र, सूचित र विवेकी मतदाताको निर्णय हो । मतदाता भ्रमित भए, मानसिक दबाबमा परे वा गलत सूचनाबाट प्रभावित भए भने निर्वाचनको निष्पक्षता र विश्वसनीयता कमजोर हुन सक्छ । त्यसैले डिजिटल स्पेसमा फैलिने मिथ्या तथा दुराशययुक्त सूचनालाई नियन्त्रण गर्नु आवश्यक छ । यसका लागि राज्य, राजनीतिक दल, सञ्चारमाध्यम, प्रविधि कम्पनी र नागरिक सबैको साझा जिम्मेवारी हुन्छ ।

सारमा, यो अवस्था रोकिनु आवश्यक छ । निर्वाचन केबल राजनीतिक प्रतिस्पर्धा मात्र होइन, लोकतन्त्रको आधारशिला हो । स्वतन्त्र चिन्तन र निर्णय गर्ने मतदाताको अधिकारको सुरक्षा गर्नु राज्यको दायित्व हो । डिजिटल प्रविधि लोकतन्त्रलाई सशक्त बनाउने माध्यम बन्नुपर्छ, कमजोर पार्ने हतियार होइन । यसको सकारात्मक प्रयोगलाई प्रोत्साहन गर्दै नकारात्मक दुरुपयोगलाई नियन्त्रण गर्न सकिएमा मात्र निर्वाचन प्रक्रिया स्वच्छ, निष्पक्ष र विश्वसनीय बन्न सक्छ, यसमा विमति हुन सक्दैन । यस्तोमा प्रतिनिधिसभा निर्वाचन केबल प्रतिनिधि चयन गर्ने अवसर मात्र होइन, डिजिटल युगमा लोकतन्त्रको परीक्षण गर्ने औजार पनि हो । डिजिटल स्पेसलाई सुरक्षित, विश्वसनीय र जिम्मेवार बनाउन सकियो भने मतदाताको स्वतन्त्रता सुरक्षित रहन्छ र लोकतन्त्र अझ सुदृढ बन्ने सुनिश्चित हुन्छ । (लेखक राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष हुनुहुन्छ)

# फागुन २१ दलहरूको अग्निपरीक्षा



● सन्तोष पौडेल

फागुन २१ मा हुन गइरहेको प्रतिनिधिसभा निर्वाचन नेपाली राजनीतिका लागि सामान्य आवधिक चुनाव मात्र होइन, दलहरूको एजेन्डा, नेतृत्व र अस्तित्वको अग्निपरीक्षा बनेको छ । विगतका निर्वाचनमा जस्तै यसपटक पनि सत्ता-प्रतिस्पर्धा त छँदैछ, तर मनोदशाको तहमा हेर्दा राजनीतिक परिदृश्य निकै फरक देखिन्छ । अघिल्ला चुनावमा दलहरूले सङ्घीयता, गणतन्त्रको संस्थागतकरण, संविधान कार्यान्वयन, समावेशिताजस्ता मूल राजनीतिक मुद्दालाई केन्द्रमा राख्ने गरेका थिए । तर यसपटक अधिकांश दलहरू स्थानीय तह निर्वाचनको शैलीमा विकास, पूर्वाधार, रोजगारी र सेवा प्रवाहका एजेन्डामा बढी केन्द्रित देखिन्छन् ।

राजनीतिक दलहरुमा आएको यो परिवर्तन आफैँमा अर्थपूर्ण छ । एकातिर राजनीतिक एजेन्डा कमजोर भएको सङ्केत हो भने अर्कातिर जनताको प्राथमिकता बदलिएको यथार्थ पनि हो । विशेषतः गत भदौ २३ र २४ मा भएको 'जेनजी विद्रोह' भनेर व्याख्या गरिएको युवा असन्तुष्टिले दलहरूलाई आफ्नो भाष्य परिवर्तन गर्न बाध्य बनाएको छ । परम्परागत नाराभन्दा परिणाममुखी कार्यक्रम प्रस्तुत गर्नुपर्ने दबाब यसपटक सबै दलले महसूस गरेका छन् । यस निर्वाचनको सबैभन्दा ठूलो मनोवैज्ञानिक पाटो जेनजी पुस्ताको असन्तुष्टि हो । सामाजिक सञ्जालमार्फत व्यक्त भएको आक्रोश, स्थापित नेतृत्वप्रति अविश्वास र वैकल्पिक राजनीतिक संस्कारको मागले पुराना दलहरूको आत्मविश्वास हल्लाएको छ ।

यस निर्वाचनमा राजनीतिक पार्टीहरुले सार्वजनिक गरेका घोषणापत्रहरू नियाल्दा स्पष्ट हुन्छ, त्यहाँ धेरै डर र थोरै आशाको प्रतिविम्ब देखिन्छ । भ्रष्टाचारविरुद्ध कठोर कदम, युवालाई नेतृत्वमा ल्याउने प्रतिबद्धता, पारदर्शिता र डिजिटल शासनका बाचा-यी सबै जेनजीलाई सम्बोधन गर्ने प्रयास हुन् । तर यी प्रतिवद्धताहरुमा पुरानो राजनीतिक संस्कारबाट पूर्ण विच्छेद भएको भने देखिँदैन । नयाँ भनिएका दलहरू पनि यस मनोदशाबाट मुक्त छैनन् । जेनजी विद्रोहको भावनालाई नारामा प्रयोग गरे पनि प्रत्यक्ष रूपमा विद्रोही युवालाई नेतृत्व तहमा समावेश गर्न नसक्दा ती दलहरू 'हात्तीका देखाउने दाँत'जस्ता देखिएका छन् भन्ने धेरैको विश्लेषण रहेको छ । संरचना र नेतृत्वको तहमा पुरानै शैली दोहोरिएको छ ।

पुराना दलमध्ये जेनजी आन्दोलनका बेला सत्ताको साझेदार दल तथा तत्कालीन प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस विशेष महाधिवेशनपछि नयाँ नेतृत्वमा केन्द्रित देखिएको छ । औपचारिक रूपमा पुस्तान्तरण र सङ्गठन पुनर्संरचनाको सन्देश दिएको कांग्रेसले आफूलाई पुनर्जीवित गर्ने प्रयास गरिरहेको छ । विशेषगरी सभापति गगन थापाको सक्रियताले कांग्रेसभित्र ऊर्जा थपिएको देखिन्छ । थापाले युवामैत्री छवि निर्माण गर्दै कांग्रेसलाई पुरानो लोकतान्त्रिक विरासत फर्काउने कसरतमा दौडाइरहेका छन् । नीति, सुशासन र संस्थागत सुधारको भाष्यमार्फत कांग्रेसलाई वैचारिक रूपमा पुनर्स्थापित गर्ने प्रयास भइरहेको छ । गुटगत प्रतिस्पर्धा, टिकट वितरणको केही असन्तोष र नेतृत्वको हस्तान्तरणमा अपूर्णता कांग्रेसको चुनौती बनेको छ । जेनजी विद्रोहप्रति सहानुभूति देखाए पनि त्यसलाई पूर्ण रूपमा आत्मसात् गर्ने हिम्मत कांग्रेसले अझै देखाउन बाँकी छ ।

जेनजी आन्दोलनअघि सत्ताको नेतृत्व गरेको नेकपा (एमाले) यसपटक रक्षात्मक भूमिकामा रहेको देखिन्छ । निर्वाचनमा पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई आफ्नै निर्वाचन क्षेत्र केन्द्रित प्रचारले राष्ट्रिय अभियानलाई प्रभावित बनाएको छ । उहाँ झापा-५ मा केन्द्रित हुँदा देशव्यापी प्रचार पनि प्रभावकारी बन्न नसकेको सोही पार्टीका नेता, कार्यकर्ताको भनाइ रहेको छ । एमालेले राष्ट्रियताको पक्षमा विगतमा देखाएको अडानले उसलाई केही राहत दिएको छ ।

गणतन्त्र स्थापना अभियानको प्रमुख हिस्सेदारमध्ये एक तत्कालीन माओवादी धारको निरन्तरतामा बनेको तथा दुई दर्जन बढी कम्युनिस्ट घटक र समूह मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टी यसपटक तुलनात्मक रूपमा सुदृढ, एकताबद्ध र राजनीतिक एजेन्डासहित मैदानमा उत्रिएको देखिन्छ । अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा पार्टीले राष्ट्रिय स्वाधीनता, संविधान रक्षा र कार्यान्वयन, सुशासन र उत्पादन र उत्पादकत्व वृद्धिमार्फत समृद्धिलाई प्रमुख मुद्दा बनाएको छ । विगतमा गठबन्धनका कारण सीमित क्षेत्रमा मात्रै उम्मेदवारी दिने गरेको यस दलले यसपटक १६४ स्थानमा एकल उम्मेदवारी दिएको कारण




मत बढ्ने र राम्रै नतिजा ल्याउने आत्मविश्वाससहित अगाडि बढेको भएतापनि सबै पुराना दल र नेता उस्तै हुन् भन्ने भाष्य चिर्नु उसको लागि चुनौती बनेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीले आफूलाई नयाँ राजनीतिक विकल्पका रूपमा प्रस्तुत गरेको छ । तर यसअघि संसद् र सरकारमा सहभागिता जनाइसकेको तथ्यले 'पूर्ण नयाँ' दाबीमाथि प्रश्न उठेको छ । नेतृत्वमाथि सहकारी ठगीलगायत विभिन्न आरोप, अदालती झमेलाहरू, उम्मेदवार चयनमा चलखेलको चर्चा र केही उम्मेदवारमाथि लागेको आरोपले जनस्तरमा आलोचना निम्त्याएको छ । रास्वपाले सेलिब्रेटी उम्मेदवार र वैकल्पिक छविको प्रयोगमार्फत पार्टीले मतदाता आकर्षित गर्ने प्रयास गरिरहेको छ । दुई तिहाइ बहुमतको आह्वान गर्दै चुनावी दौडमा रहेको रास्वपाको घोषणापत्र हेर्दा स्पष्ट राजनीतिक वैचारिक रूपरेखा भन्दा प्रदेश र जिल्लापिच्छे फरक-फरक विकास योजना प्रस्तुत गरिएको देखिन्छ । जेनजी मतदातामाझ प्रभाव देखिएको भए पनि ठोस वैचारिक आधार नदेखिँदा दीर्घकालीन स्थायित्वबारे प्रश्न उठिरहेका छन् । अन्य साना दल र मधेसवादी दलहरू पनि स्पष्ट राजनीतिक एजेन्डा र नेतृत्वको स्पष्ट भिजनसहित प्रस्तुत नहुनु तथा नव युवाको आकर्षण नदेखिँदा विगतको विरासत गुम्ने चुनौतीमा रहेका छन् । राजतन्त्रको पुनःस्थापना सहितको एजेन्डामा अगाडि आएको राप्रपा अस्तित्व कायम राख्ने दौडमा छ । समग्रमा फागुन २१ को प्रतिनिधिसभा चुनाव पुराना र नयाँ सबै दलहरूका लागि जीवनमरणको निर्णायक मोड बनेको छ । यो निर्वाचन कांग्रेसका लागि नयाँ नेतृत्वलाई स्थायित्व दिने परीक्षा, एमालेका लागि आत्मालोचना र पुनर्संरचनाको चुनौती, नेकपाका लागि वैकल्पिक राजनीतिक शक्ति साबित गर्ने अवसर र रास्वपाका लागि 'नयाँपन' प्रमाणित गर्ने कसौटी बनेको छ ।

विसं २०७२ सालमा नयाँ संविधान जारी भएपछि सम्पन्न आवधिक निर्वाचनमा प्रमुख राजनीतिक दलले नै गठबन्धन र तालमेल गर्दै सत्तामा पुगेका थिए । सत्तामा जान सिद्धान्त र विचार नमिल्नेसँग पनि गठबन्धन गरी चुनाव जित्ने वा चुनावलाई आफ्नो पक्षमा बनाउने कार्य यसपटकको निर्वाचनमा नहुने भएको छ । यसले गर्दा दलहरूको वास्तविक हैसियत यस पटकको चुनावमा प्रष्ट देखिनेछ । आम मतदाताले आफूलाई मन परेको दलको उम्मेदवारलाई भोट हाल्न पाउने छन् । विगतमा मतदाताले आफूले रोजेको र खोजेको पार्टी र उम्मेदवारलाई भोट हाल्न नपाउँदा एक किसिमको असन्तुष्टिको अवस्था थियो । मतदाताले आफ्नो विवेकसहित इच्छाएको पार्टीको उम्मेदवारलाई मत दिन पाउने भएसँगै नयाँ उत्साह थपिएको छ । यस पटकको निर्वाचनमा सबै दलको साङ्गठनिक शक्ति र जनविश्वास परीक्षण हुने भएकाले आम मतदाताको विश्वास जित्न निकै मेहनत गर्नुपर्ने अवस्था छ ।

यस निर्वाचनले केबल संसद्को अङ्कगणित मात्र तय गर्ने छैन; नेपाली राजनीतिमा पुस्तान्तरण, वैचारिक स्पष्टता र लोकतान्त्रिक संस्कारको भविष्य पनि निर्धारण गर्नेछ । डर, आशा, आक्रोश र अपेक्षाबीच नेपाली मतदाता अन्ततः कसलाई भरोसा गर्ने भन्ने निर्णयको घडीमा रहेका छन् । यतिबेला मतदाताले विवेक गुमाउनु हुँदैन । हत्या र बिध्वंस पुनः दोहोरिन नदिन र लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न यतिबेला एक मत निर्णायक बन्न सक्छ । त्यसैले मतदाताले पनि एकपटक टक्क अडिएर सोच्न र सही दल र उमेदवारलाई मत दिन अनिवार्य देखिएको छ । यस अर्थमा फागुन २१ को निर्वाचन दलहरूको मात्र होइन, मतदाता र समग्र लोकतान्त्रिक यात्राकै पनि अग्निपरीक्षाको रूपमा लिन सकिन्छ ।

# ‘सरकारको सम्पूर्ण ध्यान निर्वाचनमा केन्द्रित छ’




काठमाण्डु । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण एवं सहरी विकासमन्त्री कुमार इङ्नामले सरकारको सम्पूर्ण ध्यान निर्वाचनमा केन्द्रित भएको बताउनुभएको छ ।

प्रेस काउन्सिल नेपालले ‘ मौन अवधि र मिडिया’ शीर्षकमा आइतबार आयोजना गरेको कार्यक्रममा उहाँले शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न गर्न सुरक्षाको सुदृढ प्रबन्ध मिलाइएको बताउनुभयो ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले राज्य र समाजप्रति उत्तरदायी भई निर्वाचनमैत्री वातावरण बनाउन आमसञ्चारजगत्लाई आह्वान गर्नुभयो । उहाँले भन्नुभयो, “समग्रमा स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि सञ्चार क्षेत्रबाट सहयोग भइरहेको छ । मौन अवधिकाबारेमा बुझाउने र निर्वाचन आचारसंहिताको परिपालनामा अझ बढी सहयोगको अपेक्षा निर्वाचन आयोगले गरेको छ।”

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले मौन अवधिमा कुनै उम्मेदवारले निर्वाचन आचारसंहिता विपरीत आर्थिक पक्षसँग जोडिने क्रियाकलाप गरेमा उम्मेदवारी खारेजीदेखि छ वर्षसम्म निर्वाचनमा भाग लिन नपाउने कानुनी व्यवस्था रहेको जानकारी दिनुभयो । प्रेस काउन्सिल नेपालका अध्यक्ष कुमार शर्माले आमसञ्चार माध्यमको हकअधिकारको प्रवर्द्धन तथा पत्रकार आचारसंहिताको परिपालनाका लागि काउन्सिलले निर्वाह गर्दैआएको भूमिकाबारे जानकारी दिनुभयो ।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले विशेष परिस्थितिमा हुन लागेको निर्वाचनका लागि सबै सञ्चारकर्मी संवेदनशील रहेर त्यसलाई सफल तुल्याउन सहयोग गर्नुपर्नेमा जोड दिनुभयो । यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको मौन अवधि फागुन १८ गते राति १२:०० बजेदेखि लागू हुँदैछ । यो अवधि मतदान सम्पन्न नहुञ्जेलसम्म कायम रहन्छ । मौन अवधिमा मत माग्न, भेला र छलफल गर्न पाइदैन । विशेषगरी उम्मेदवार र राजनीतिक दलले मौन अवधिको पूर्ण पालना गर्नुपर्नेमा निर्वाचन आयोगले जोड दिएको छ ।

निर्वाचन आचारसंहिताअनुसार मौन अवधि सुरु हुनु अगाडि मतदान केन्द्रको ३०० मिटर वरिपरि राखिएका आ-आफ्ना निर्वाचन चिह्न तथा प्रचारप्रसारका सामग्री हटाउनुपर्ने, छोटासन्देश(एसएमएस),सामाजिक सञ्जालका साथै भाइबरलगायत विद्युतीयमाध्यमद्वारा मत माग्न प्रचारप्रसार गर्न पाइदैन । उम्मेदवार वा राजनीतिक दलको प्रचारप्रसार हुनेगरी कुनै समाचार वा सूचना प्रकाशन वा प्रसारण गर्न पाइँदैन ।

आगामी बिहीबार हुने निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ६५ वटा राजनीतिक दलले प्रतिस्पर्धा गर्दैछन् ।

पहिलो हुने निर्वाचित हुने निर्वाचनमा तीन हजार १७ पुरुष, ३८८ महिला र एक अन्य गरी तीन हजार ४०६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । सामानुपातिक निर्वाचन प्रणालीतर्फ एक हजार ३६३ पुरुष र एक हजार ७७२ महिला गरी तीन हजार १३५ उम्मेदवार प्रतिस्पर्धामा छन् । प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ ११० स्थानका लागि निर्वाचन हुनेछ ।

यस पटकको निर्वाचनमा ९६ लाख ६३ हजार ३५८ पुरुष, ९२ लाख ४० हजार १३१ महिला र २०० अन्य गरी एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता छन् । यसैगरी, एक लाख ८६ हजार १४२ अस्थायी मतदाता कायम भएको आयोगले जनाएको छ ।रासस

# निर्वाचन प्रयोजनाका लागि ११ दल र एक हजार ८६५ उम्मेदवारले मात्र खोले बैङ्क खाता

काठमाण्डु । यही फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवारी दर्ता गराएका तीन हजार ४०६ प्रत्यक्ष उम्मेदवारमध्ये एक हजार ८६५ जना उम्मेद्वारले मात्र बैङ्क खाता खोलेको निर्वाचन आयोगले जनाएको छ ।

यस्तै, निर्वाचनमा भाग लिएका ६५ दलमध्ये ११ दलले मात्र खाता खोलेका छन् । आइतबारसम्म खाता खोल्ने दलमा सहायताको पारदर्शिता र निर्वाचन कानुनले तोकेको खर्च सीमाको पालना तथा प्रभावकारी निगरानीका लागि बैङ्क खाता खोल्ने व्यवस्था गरिएको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचन प्रचारप्रसार बैङ्क खाता (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ अनुसार निर्वाचनमा भाग लिने प्रयोजनका लागि आयोगमा दर्ता भई समानुपातिक र पहिलो




नेपाली कांग्रेस, राष्ट्रिय जनमोर्चा, नेकपा (संयुक्त), नेपाली कम्युनिष्ट पार्टी (नेकपा), नेपालका लागि नेपाली पार्टी, जनता समाजवादी पार्टी (जसपा), संयुक्त नागरिक पार्टी, मितेरी पार्टी, नेपाल जनता संरक्षण पार्टी, नेपाल मजदुर किसान पार्टी र राष्ट्रिय जनमुक्ति पार्टी रहेका आयोगका सहायक प्रवक्ता सीता पुन श्रीसले जानकारी दिनुभयो ।

निर्वाचनमा राजनीतिक दल र उम्मेदवारले लिने आर्थिक हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि उम्मेदवारी दिएका सबै राजनीतिक दल, दलका उम्मेदवार र स्वतन्त्र उम्मेदवारले कार्यविधिअनुसार खाता खोल्न भनिएको छ । निर्वाचन प्रचारप्रसारका लागि आर्थिक सहयोग लिने र खर्च कारोबार सोही खातामार्फत हुने व्यवस्था गरिएको छ । यही व्यवस्थाअनुसार दल र उम्मेदवारले खाता खोलेका हुन् ।रासस

# मध्यपूर्वमा १७ लाखभन्दा बढी नेपाली, सुरक्षाका निर्देशन पालना गर्न सरकारको आग्रह

काठमाण्डु । नेपाल सरकारले मध्यपूर्व क्षेत्रमा पछिल्लो विकसित घटनाक्रमपछि त्यहाँ रहेका १७ लाख बढी नेपालीलाई सम्बन्धित मुलुकको सुरक्षा निर्देशन पालना गरी सुरक्षित रहन आग्रह गरेको छ ।



परराष्ट्र मन्त्रालयमार्फत सरकारले त्यस क्षेत्रमा रहेका नेपाली नागरिकको सुरक्षा उच्च प्राथमिकतामा रहेको जनाउँदै सुरक्षा सतर्कता अपनाउन आग्रह गरेको हो । संयुक्त राज्य अमेरिका र इजरायलले इरानमाथि शनिबार संयुक्त रूपमा सैन्य आक्रमण गरेपछि र इरानले त्यसको प्रत्याक्रमण गरेपछि मध्यपूर्वको स्थिति तनावपूर्ण बनेको छ ।

सो सम्बन्धमा जानकारी दिन मन्त्रालयले आइतबार आयोजना पत्रकार सम्मेलनमा सहसचिव कृष्णप्रसाद ढकालले भन्नुभयो, “हालसम्म त्यस क्षेत्रमा नेपाली नागरिक सुरक्षित छन् ।

नेपाल सरकारले घटनाक्रम नजिकबाट हेरिरहेको छ । सम्बन्धित मुलुकले जारी गरेको सुरक्षासम्बन्धी सूचना जानकारी लिई त्यसको पालना गर्न आग्रह गर्दछौं ।” यस्ता घट्नाक्रमलाई सम्बोधन गर्न मन्त्रालयले ‘र्‍यापिड एक्सन टिम’ गठन गर्न लागेको सहसचिव ढाललले जानकारी दिनुभयो ।

मध्यपूर्व र आसपासका इरानमा छ जना, इजरायलमा छ हजार ५००, इजिप्टमा ५००, ओमानमा २५ हजार, कतारमा तीन लाख ५७ हजार, कुवेतमा एक लाख ७५ हजार, जोर्डनमा तीन हजार, बहराइन २८ हजार, साउदी अरबमा तीन लाख ८४ हजार ८६५, संयुक्त अरब इमिरेट्समा चार लाख ७८ हजार १४४, लेबनानमा एक हजार ५००, इराकमा ३० हजार र साइप्रसमा १७ हजार गरी हाल कुल १७ लाख २९ हजार २८८ जना नेपाली नागरिक रहेको जनाइएको छ ।

पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले त्यस क्षेत्रका नेपालीको सुरक्षाका लागि सरकारले आवश्यक काम र पहल गरिरहेको बताउनुभयो । उहाँले त्यहाँ नेपाली नागरिकलाई घरभित्रै सुरक्षित रहन, सूचना पालना गर्न, अफ्ठ्यारो परेमा दूतावास र मन्त्रालयसँग सम्पर्कमा रहन आग्रह गर्नुभयो ।

मध्य एसिया, पश्चिम एसिया तथा अफ्रिका महाशाखाका प्रमुख रामकाजी श्रेष्ठले नेपाली नागरिकको सरक्षाका लागि त्यस क्षेत्रका आठ दूतावास र दुई कन्सुलर सेवाबाट सूचना जारी गरी समन्वय भइरहेको प्रवक्ता क्षेत्रीले बताउनुभयो । यसैगरी मन्त्रालयले ‘एडभाइजरी’ जारी गर्दै सुरक्षासम्बन्धी निर्देशन तथा सूचना कडाइका साथ पालना गर्न आग्रह गरेको हो ।

“सकेसम्म घरभित्रै बस्नुहोस्, सतर्क रहनुहोस्, आवश्यक सावधानी अपनाउनुहोस् र आफू रहेको स्थानका नेपाली समुदायसँग नियमित सम्पर्कमा रहनुहोस् । सम्बन्धित निकायको पूर्वस्वीकृतिबिना अनावश्यक यात्रा नगर्नुहोस् । काठमाडौंस्थित परराष्ट्र मन्त्रालय, तेल अविवस्थित नेपाली दूतावास तथा दोहास्थित नेपाली राजदूतावाससँग नियमित सम्पर्कमा रहनुहोस”, मन्त्रालयले जारी गरेको एडभाइजरीमा उल्लेख छ ।

मध्यपूर्वको घट्नाक्रमपछि हाल भिसा र टिकट लिई गन्तव्य मुलुक जाने तयारीमा रहेका, गन्तव्य मुलुक जानका लागि विमानस्थल पुगेका र युरोप तथा अमेरिका जानका लागि ट्रान्जिट विमानस्थलमा अलपत्र परेका नेपाली नागरिकले सास्ती भोग्नुपरेको पनि जनाइएको छ ।रासस

# विगतमा झैँ संयुक्त टोलीले सुरक्षा प्रदान गरी मतपेटिकालाई गणनास्थलसम्म पुर्‍याइनेछः नेपाली सेना

काठमाण्डु । नेपाली सेनाले विसं २०४८को प्रतिनिधिसभा निर्वाचनदेखिका सबै निर्वाचनमा नेपाली सेना परिचालन भई मतपत्र छपाइस्थलको सुरक्षा, मतपत्र ढुवानी र मतपेटिकालाई मतगणना स्थलसम्म पुर्‍याउने जिम्मेवारी निर्वाह गर्दै आएको स्पष्ट गरेको छ ।

मतदान सम्पन्न भएपछि स्थापित ‘ प्रोटोकल’ अनुसार नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, निर्वाचन अधिकृत, दलका तोकिएका प्रतिनिधि एवं नेपाली सेनासहितको एकीकृत टोलीले मतदान स्थलबाट मतपेटिका ढुवानी गर्ने कार्य हुने विज्ञप्तिमा जनाइएको छ ।



जनसम्पर्क तथा सूचना निर्देशनालयले आइतबार विज्ञप्ति जारी गरेर काठमाडौंबाट देशका सबै जिल्लास्थित निर्वाचन कार्यालयसम्म मतपत्र ढुवानी, निर्वाचनको दौरान तेस्रो घेरामा रही सुरक्षा प्रदान गर्नुका साथै निर्वाचन सम्पन्न भएपछि संयुक्त टोलीले सुरक्षा प्रदान गरी मतपेटिकालाई मतगणना स्थलसम्म पुर्‍याउने जिम्मेवारी निर्वाह हुँदै आएको जनाएको हो ।

विगतका निर्वाचनहरूमा जस्तै यस पटक पनि निर्वाचनको क्रममा नेपाली सेना एकीकृत सुरक्षा योजनाअनुसार सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरी आसन्न निर्वाचनलाई सुरक्षित रूपमा सम्पन्न गराउन प्रतिबद्ध रहेको विज्ञप्तिमा जनाइएको छ । निर्वाचन सुरक्षा व्यवस्थाका सबै कार्य ‘प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४’ तथा ‘ प्रतिनिधिसभा सदस्य निर्वाचन एकीकृत सुरक्षा योजना, २०८२’ अनुसार सञ्चालन भइरहेको छ ।रासस

# ‘जनताको समस्या बुझ्ने नेतृत्व आवश्यक’

मध्यविन्दु । आगामी फागुन २१ गते हुने निर्वाचन नजिकिँदै जाँदा युवा मतदातामा उत्साह र जिज्ञासा एकैसाथ देखिएको छ । नयाँ पुस्ता यसपटक आफ्नो मताधिकार प्रयोग गर्दै लोकतान्त्रिक प्रक्रियामा प्रत्यक्ष सहभागी हुने तयारीमा जुटेका हुन् ।

यसअघि निर्वाचनलाई परिवारका अग्रजले गर्ने कार्यका रूपमा हेर्दै आएका यी युवाहरू अहिले भने स्वयं निर्णयकर्ता बन्ने चरणमा पुगेका छन् । सामाजिक सञ्जाल, बहस, छलफल र विद्यालय-क्याम्पसस्तरीय संवादमार्फत उनीहरू निर्वाचन, संविधान, शासन प्रणाली र नागरिक दायित्वबारे बुझ्न खोजिरहेका छन् ।

नवलपरासी (बर्दघाट सुस्तापूर्व) का नयाँ मतदाताहरूले आफ्नो पहिलो मत ‘व्यक्तिगत स्वार्थ’भन्दा पनि ‘ भविष्य निर्माण’का आधारमा प्रयोग गर्ने बताएका छन् । उनीहरूका प्राथमिकतामा गुणस्तरीय शिक्षा, रोजगारी सृजना, पारदर्शी शासन व्यवस्था र जनताको समस्या बुझ्ने नेतृत्व छन् ।

विनयी त्रिवेणी गाउँपालिका-१ बगुवनका पवन ढेगामगर पहिलोपटक मतदान गर्न पाउँदा उत्साहित भएको बताउनुभयो । दुर्गम गाउँमा पर्ने बगुवन गाउँको समस्या समाधानका लागि ठोस पहल गर्ने उम्मेदवारलाई चयन गर्ने सोचमा रहेको उहाँले बताउनुभयो ।

“अहिलेसम्म मतदान गरिएको थिएन, त्यसैले पहिलाको निर्वाचनमा खास चासो पनि राखिँदैन थियो”, उहाँले भन्नुभयो, “यसपालि आफैँले मतदान गर्न पाउने भएकाले धेरै कुराहरूमा चासो हुने र विषयहरू बुझ्न मन लाग्ने भएको छ ।”रासस

# निर्वाचन लक्षित सुरक्षा तयारी पूरा, स्वच्छ, शान्तिपूर्ण र भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुन्छः गृहमन्त्री अर्याल

जानकी । गृहमन्त्री ओमप्रकाश अर्यालले प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि सुरक्षा तयारीको सम्पूर्ण काम पूरा भएको बताउनुभएको छ ।



यही फागुन २१ गते हुने निर्वाचनका क्रममा आवश्यक सुरक्षा व्यवस्थाकाबारेमा जानकारी लिने उद्देश्यले आइतबार नेपालगञ्ज आइपुग्नुभएका गृहमन्त्री अर्यालले भयरहित वातावरणमा मतदान गर्न पाउने जनताको अधिकार सुनिश्चित गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

आइतबार बाँकेको नेपालगञ्जमा आयोजित पत्रकार सम्मेलनमा उहाँले स्वच्छ, शान्तिपूर्ण र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न सरकारले कुनै पनि कसर बाँकी नराख्ने स्पष्ट गर्दै ढुक्क भएर मतदान गर्न देशवासीसँग अनुरोध गर्नुभयो ।

गृहमन्त्री अर्यालले जिल्लास्थित प्रमुखहरुसँगको भेटघाटपछि उहाँले भन्नुभयो, “बाँके जिल्लाको निर्वाचन सुरक्षाको अवस्था र व्यवस्थासहित रणनीति बुझ्ने क्रममा यहाँ आएको हुँ । सम्बद्ध सुरक्षा प्रमुखहरुबाट समग्र विषयवस्तुका बारेमा जानकारी प्राप्त भयो । सुरक्षा व्यवस्था चुस्तदुरुस्त बनाइएको छ, निर्धक्क भएर मतदान गर्न सबैसँग अनुरोध गर्दछु । ”

गृहमन्त्री अर्यालले जिल्ला सुरक्षा समिति, प्रमुख जिल्ला अधिकारी र मुख्य निर्वाचन अधिकृतलगायत निर्वाचनसँग सम्बन्धित सबै निकायको कामकारबाहीसहित आउनसक्ने चुनौतीको पूर्वतयारी सन्तोषजनक रहेको बताउनुभयो ।

उहाँले अहिले समग्र देशको सुरक्षा अवस्था सुदृढ भएको र देशव्यापी रुपमा निर्वाचनको माहोल बनेकाले अत्यधिक जनताको सहभागितासहित उल्लासमय वातावरणबीच शान्तिपूर्ण ढङ्गबाट निर्वाचन सफल हुने विश्वास व्यक्त गर्नुभयो ।

कहीँकतैबाट निर्वाचन बिथोल्न प्रयास हुनसक्नेतर्फ सचेत गराउँदै गृहमन्त्री अर्यालले भन्नुभयो, “राजनीतिक दल नभई केही समूह त्यसमा सक्रिय छन् । त्यस्ता समूहलाई हामीले नियन्त्रणमा लिएका छौं र लिन्छौं पनि । जसले कानुनविपरीत काम गर्छ र मताधिकार जस्तो लोकतान्त्रिक प्रक्रियामा अवरोध गर्छ, तिनीहरूलाई नियन्त्रणमा लिएर कानुनी कारबाही गरिनेछ ।”

उहाँले एकफरक प्रसङ्गमा बाँके जिल्लामा कायम रहेको धार्मिक सहिष्णुताको प्रशंसा गर्दै गलत तत्वलाई समयमै पहिचान गरी रोकथाम गर्न यहाँको नेतृत्व सफल भएको बताउनुभयो । सञ्चारकर्मीको जिज्ञासामा गृहमन्त्रीले ‘जेनजी’ आन्दोलनका बेला भएका घटनाको विस्तृत अध्ययन भइरहेको र त्यसका लागि सरकारले समय थप गरेकोसमेत जानकारी दिनुभयो ।

गृहमन्त्री अर्यालको भ्रमण टोलीमा गृहसचिव राजकुमार श्रेष्ठ, प्रहरी महानिरीक्षक दानबहादुर कार्की, सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्याललगायत उच्चपदस्थ सुरक्षा अधिकारी हुनुहुन्छ । गृहमन्त्री अर्याल सुदूरपश्चिम प्रदेशअन्तर्गतका बझाङ, बाजुरालगायत जिल्लाको सुरक्षा व्यवस्थासम्बन्धी स्थलगत जानकारी लिने क्रममा आज नेपालगञ्ज आइपुग्नुभएको हो ।

**कानुन कार्यान्वयनमा सरकार प्रतिबद्ध छः गृहमन्त्री अर्याल**

गृहमन्त्री ओमप्रकाश अर्यालले सरकार कानुन कार्यान्वयनमा प्रतिवद्ध रहेको बताउनुभएको छ ।

सुदूरपश्चिमको बाजुरामा निर्वाचन अघि शान्ति सुरक्षाको अवस्थाबारे जानकारी लिन पुग्नुभएका गृहमन्त्री अर्यालले कानुन विपरितका कार्य कसैले पनि नगर्न आग्रह गर्नुभयो । जिल्ला प्रशासन कार्यालयले आयोजना गरेको सर्वदलिय तथा सर्वपक्षी बैठकमा मन्त्री अर्यालले निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न सबैलाई आग्रह गर्नुभयो ।

गत भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनपछि बनेको सरकारले निर्वाचनको जिम्मेवारी लिएकाले निर्वाचन नहुनेमा कुनै शंका नगर्न गृहमन्त्री अर्यालले आग्रह गर्नुभयो । निष्पक्ष निर्वाचन गराउने जिम्मेवारी पाएकाले हदैसम्म सहजीकरण गर्न सरकार पछि नहट्ने उहाँको भनाइ थियो ।

गृहमन्त्री अर्यालले राजनितिक र प्रशासनिक सुशासन प्रत्याभूत गराउन निर्वाचन आवश्यक भएको बताउनुभयो । कर्मचारी र सुरक्षाकर्मीलाई कोही कसैको पनि पक्षधर नबन्न उहाँले निर्देशन दिनुभयो । रासस


## Gaushala Municipality
### Office of the Municipal Executive
### Gasuhala,Mahottari
### Madhesh Province,Nepal

## Invitation for Bid

**(Date of Publication: 02-03-2026)**

The Gaushala Municipality invites electronic bid from Nepalese eligible bidders for the following procurement under Nepalese Competitive Bidding-Single Stage Single Envelope procedures specified in Public Procurement Act and Regulations

| S. N. | IFBNO | Desorption & Location of work | Bid Document fee (NRs.) | Bd Security Amount (NRs.) | Estimated Amount Inclusive of VAT and Contingency & PS (NRs) | Last date of Bid subscdon | Bid opening Date & Time | Bld Validity period in days |
|---|---|---|---|---|---|---|---|---|
| 1. | GAU/NCB/ WORKS/04 2082/083 | Construction of Boundary wall in Harsahawa tol of ward 2 Gaushala Municipality | 3000 | 100000.00 | 4588250.22 | 01-04-2026 12:00 | 01-04-2026 14:00 | 90 |

Eligible bidder may obtain information from the office of the municipal executive,Gaushala,Mahottari or visit https://bolpatra.gov.np/egp/login.action

Chief Administrative Officer

जनकपुर टुडे
२०८२ साल फाल्गुन १८ गते सोमबार (2 March, Monday, 2026)

# खाडी क्षेत्रमा इरानी आक्रमण

एएफपी

दुबई । आइतबार बिहान खाडीमा इरानी आक्रमणपछि दुबई, दोहा र मनामामा नयाँ विस्फोट र धुवाँ फैलिएको छ, जसले क्षेत्रीय तनाव र व्यापक द्वन्द्वको डर बढाएको छ । अमेरिका र इजरायलले इरानका सर्वोच्च नेता र शीर्ष अधिकारीहरूलाई लक्षित गर्दै गरेको आक्रमणको प्रतिआक्रमण स्वरूप खाडीभरि सैन्य र नागरिक पूर्वाधारमा इरानी कारबाही भएको हो ।

एएफपीका पत्रकारहरूले दुबई, बहराइनको राजधानी मनामा र कतारमा विस्फोटको आवाज सुनेका थिए । दोहाको दक्षिणमा बिहानको क्षितिजमा बाक्लो कालो धुवाँ उठेको दृश्य प्रत्यक्षदर्शीहरूले देखेका छन् । केही समयपछि विस्फोटको अर्को लहर दुबईमा प्रतिध्वनित भयो ।

अमेरिकी सुरक्षा र खाडीका दीर्घकालीन सहयोगी राष्ट्रहरूको सुरक्षामा चुनौती थपिएको छ । संयुक्त अरब इमिरेट्सको रक्षा मन्त्रालयका अनुसार शनिबार इरानले अबु धाबी र दुबईमा १३७ मिसाइल र २०९ ड्रोन प्रहार गरेको थियो । आक्रमणबाट द पाम र बुर्ज अल अरबमा आगो र धुवाँ देखियो । अबु धाबी विमानस्थलमा कम्तीमा एक व्यक्तिको मृत्यु भएको छ र सात जना घाइते भएका छन् । दुबई विमानस्थल र कुवेतको अन्तर्राष्ट्रिय विमानस्थल पनि प्रभावित भएको छ ।



कतारमा, इरानले ६५ मिसाइल र १२ ड्रोन प्रहार गरेको अधिकारीहरूले बताएका छन्, जसमा अधिकांश रोकिएका थिए, तर आठ जना घाइते भए र एकको अवस्था गम्भीर छ ।

शनिबारको पहिलो दिन अबु धाबी र बहराइनमा अमेरिकी नौसेनाको पाँचौँ फ्लीटको घरबाट धुवाँ उठेको प्रत्यक्षदर्शीहरूले बताए । कुवेतमा पनि अमेरिकी सैन्य अड्डाहरूलाई लक्षित गरिएको बताइएको छ ।

अमेरिकी सैन्य आधारहरूलाई आतिथ्यता प्रदान गर्ने तेल र ग्यास धनी अरब राजतन्त्रहरू इरानी आक्रमणबाट प्रत्यक्ष प्रभावमा परेका छन् ।

# खामेनीको मृत्यु र विश्वको सावधानीपूर्ण प्रतिक्रिया

एपी

ब्रसेल्स । अमेरिका र इजरायलले इरानमाथि सुरु गरेको व्यापक सैन्य आक्रमण र इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको रिपोर्ट गरिएको मृत्युले मध्यपूर्वलाई अनिश्चित मोडमा पुऱ्याएको छ । सन् १९७९ को इस्लामिक क्रान्तिपछि सत्तामा रहेको इस्लामिक गणतन्त्रका दोस्रो सर्वोच्च नेताको निधन भएको समाचार बाहिरि एसँगै क्षेत्रीय शक्ति सन्तुलन, आणविक कार्यक्रमको भविष्य र सम्भावित व्यापक युद्धबारे विश्वभर गम्भीर चासो व्यक्त गरिएको छ । विश्व नेताहरूले सावधानीपूर्वक प्रतिक्रिया जनाउँदै संयमता र कूटनीतिक पहलको आह्वान गर्नुभएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक सञ्जालमार्फत खामेनीको मृत्यु पुष्टि गर्दै यसलाई 'इरानी जनताका लागि आफ्नो देश फिर्ता लिने सबैभन्दा ठूलो अवसर' बताउनुभएको छ । इरानी सरकारी सञ्चारमाध्यमले ८६ वर्षीय नेताको निधन भएको जनाएको छ, तर कारण खुलाएको छैन ।

इजरायली अधिकारीहरूले नाम नछाप्ने सर्तमा उहाँको मृत्यु भएको जानकारी दिएका थिए भने इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले टेलिभिजन सम्बोधनमा खामेनीको कम्पाउन्डमा गरिएको आक्रमणपछि उहाँको मृत्यु भएको 'बढ्दो सङ्केत' देखिएको उल्लेख गर्नुभएको छ ।

खामेनीको स्पष्ट उत्तराधिकारी सार्वजनिक रूपमा तोकिएको थिएन । त्यसैले उहाँको सम्भावित निधनले इरानको राजनीतिक संरचना र नेतृत्व सङ्क्रमणलाई लिएर अन्योल थपिएको छ । विश्लेषकहरूले यसले आन्तरिक शक्ति



सङ्घर्ष चर्किन सक्ने र बाह्य द्वन्द्व तीव्र हुन सक्ने सङ्केत गरेका छन् । संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले यसै विषयमा आपतकालीन बैठक बोलाएको छ ।

अमेरिका र इजरायलले शनिबार इरानविरुद्ध ठुलो आक्रमण सुरु गरेका थिए । राष्ट्रपति ट्रम्पले इरानी जनतालाई वर्तमान धार्मिक शासनविरुद्ध उभिन र ' आफ्नो भाग्यको नियन्त्रण लिन' आह्वान गर्नुभएको छ । त्यसको प्रत्युत्तरमा इरानले इजरायल तथा मध्यपूर्वमा रहेका अमेरिकी सैन्य अड्डाहरूमा क्षेप्यास्त्र र ड्रोन प्रहार गरेको जनाएको छ । क्षेत्रीय तनाव तीव्र बन्दै जाँदा प्रतिशोध र प्रतिआक्रमणको चक्र लम्बिने चिन्ता बढेको छ ।

युरोपेली शक्तिहरूले प्रत्यक्ष समर्थन वा निन्दा नगरी वार्ताको बाटो रोज्न आग्रह गरेका छन् । बेलायतका प्रधानमन्त्री किर स्टर्मर, फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोन र जर्मनीका चान्सलर फ्रेडरिक मर्जले संयुक्त विज्ञप्ति जारी गर्दै अमेरिका र इरानलाई तत्काल वार्तामा फर्किन आग्रह गर्नुभएको छ । उहाँहरूले आफ्नो देश आक्रमणमा संलग्न नभएको स्पष्ट पार्दै इरानको आणविक कार्यक्रम, ब्यालिस्टिक गतिविधि र क्षेत्रीय अस्थिरताका प्रश्न कूटनीतिक माध्यमबाट मात्र समाधान हुनसक्ने बताउनुभएको छ ।

अरब लिगले इरानी आक्रमणलाई शान्ति र स्थिरताका लागि प्रयासरत देशहरूको सार्वभौमसत्तामाथिको स्पष्ट उल्लङ्घन भनेको छ । मोरक्को, जोर्डन, सिरिया र संयुक्त अरब इमिरेट्सलगायतका राष्ट्रहरूले क्षेत्रका अमेरिकी सैन्य अड्डामा लक्षित इरानी हमलाको निन्दा गरेका छन् । साउदी अरेबियाले इरानी कदमलाई कडा शब्दमा आलोचना गर्दै क्षेत्रीय स्थिरता जोगाउन संयमता आवश्यक रहेको जनाएको छ । वार्ताको मध्यस्थता गर्दै आएको ओमानले भने अमेरिकी कारबाहीले अन्तर्राष्ट्रिय कानूनको सिद्धान्त उल्लङ्घन गरेको टिप्पणी गरेको छ ।

अस्ट्रेलिया र क्यानाडाले अमेरिकी आहड्तालको समर्थन जनाएका छन् । क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीले इरानलाई मध्यपूर्वमा अस्थिरता र आतङ्कको प्रमुख स्रोत बताउनुभएको छ । यसको विपरीत रुसले आक्रमणलाई पूर्वयोजनाबद्ध सशस्त्र कारबाही भनेको छ र चीनले तत्काल सैन्य कारबाही रोक्न तथा संवादमा फर्किन आग्रह गरेको छ । चिनियाँ विदेश मन्त्रालयले इरानको सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मान हुनुपर्ने धारणा सार्वजनिक गरेको छ ।

क्षेत्रीय स्तरमा जनजीवनमा मिश्रित प्रभाव देखिएको छ । कब्जा गरिएको पश्चिम किनारमा इजरायलको आइरन डोमले मिसाइल अवरोध गरिरहँदा आकाशमा विस्फोटको आवाज सुनिए पनि दैनिक गतिविधि पूर्ण रूपमा ठप्प भएको छैन । तर इजरायलले चेकपोइन्टहरू बन्द गरेपछि आपूर्ति अवरोधको आशङ्काले पेट्रोल पम्पहरूमा लामो लाइन देखिएको छ ।

प्यालेस्टिनी प्राधिकरणले अरब राष्ट्रहरूविरुद्ध इरानी आक्रमणको निन्दा गरेको छ, तर अमेरिकी वा इजरायली कारबाहीबारे टिप्पणी गरेको छैन ।

नर्वेका विदेशमन्त्री एस्पेन बार्थ इडेले अवस्था 'नयाँ, व्यापक युद्ध' तर्फ जान सक्ने चिन्ता व्यक्त गर्नुभएको छ । नोबेल शान्ति पुरस्कार विजेता इन्टर नेसनल क्याम्पेन टु एबोलिस न्युक्लियर वेपन्सले पनि आक्रमणको निन्दा गर्दै यसले आणविक प्रसार र सम्भावित प्रयोगको जोखिम बढाउने चेतावनी दिएको छ । युरोपेली सङ्घ (इयु) र अरब लिगले सबै पक्षलाई संयम अपनाउन र तनाव वा द्वन्द्व न्यूनीकरण गर्ने प्रक्रियातर्फ अग्रसर हुन आग्रह गरेका छन् ।

खामेनीको रिपोर्ट गरिएको मृत्यु, नेतृत्व सङ्क्रमणको अनिश्चितता र तीव्र सैन्य कारबाहीबीच मध्यपूर्व गम्भीर मोडमा उभिएको छ । कूटनीतिक प्रयास सफल नभए क्षेत्रीय द्वन्द्व अझ फराकिलो दायरामा फैलिन सक्ने जोखिमप्रति विश्व समुदाय सचेत देखिएको छ ।

# इरान सङ्कट चर्कियो, खामेनीको मृत्यु पुष्टि

एएफपी

पेरिस ।संयुक्त राज्य अमेरिका र इजरायलले इरानमाथि व्यापक हवाई आक्रमण थालेपछि मध्यपूर्व अभूतपूर्व तनावमा धकेलिएको छ । आक्रमणकै क्रममा इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको मृत्यु भएको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले घोषणा गर्नुभएको छ भने इरानी सरकारी टेलिभिजनले आइतबार बिहान त्यसको पुष्टि गरेको छ । घटनाक्रमले क्षेत्रीय युद्धको जोखिम तीव्र बनाएको छ ।

शनिबार बिहान सुरु भएको अमेरिका-इजरायलको संयुक्त सैन्य अभियानमा तेहरानसहित विभिन्न स्थानका रणनीतिक लक्ष्यहरूमा प्रहार गरिएको जनाइएको छ । इजरायली सेनाले २०० लडाकू जेट परिचालन गरी ५०० भन्दा बढी लक्ष्यमा आक्रमण गरिएको दाबी गरेको छ । वरिष्ठ इरानी अधिकारीहरू भेला भएका स्थानहरू र मिसाइल लन्चरहरू मुख्य निशानामा परेको बताइएको छ । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले थप हजारौँ लक्ष्यमा कारबाही जारी रहने चेतावनी दिनुभएको छ ।

यसैबीच, राष्ट्रपति ट्रम्पले आफ्नो ट्रुथ सोसल सञ्जालमार्फत 'आसन्न खतराहरू उन्मूलन गर्न' अभियान सुरु गरिएको उल्लेख गर्दै आवश्यक परेसम्म भारी र सटीक बमबारी जारी रहने बताउनुभएको छ । उहाँले खामेनीलाई 'इतिहासका सबैभन्दा दुष्ट व्यक्तिमध्ये एक' भन्दै मृत्यु भएको घोषणा गर्नुभएको थियो । त्यसको केही घण्टापछि इरानी राज्य टेलिभिजनले कालो ब्यानरसहित अभिलेख दृश्य प्रसारण गर्दै खामेनीको निधन पुष्टि गरेको हो । खामेनीको निधनमा इरानमा ४० दिनको राष्ट्रिय शोक र सात सार्वजनिक बिदा घोषणा गरिएको छ ।

इरानी सञ्चारमाध्यमले खामेनीकी छोरी, ज्वाइँ र नातिनीको पनि मृत्यु भएको जनाएका छन् । देशको न्यायपालिकाले रिभोलुसनरी गार्डका प्रमुख जनरल मोहम्मद पाकपुर र



शीर्ष सुरक्षा सल्लाहकार अली शामखानी आक्रमणमा 'शहीद' भएको पुष्टि गरेको छ । खामेनीको निधनपछि राष्ट्रपति मसुद पेजेस्कियनसहित दुई वरिष्ठ अधिकारीहरूले अस्थायी रूपमा नेतृत्व सम्हाल्ने सरकारी टेलिभिजनले जनाएको छ । दिवङ्गत शाहका छोरा रेजा पहलवीले घटनालाई इस्लामिक गणतन्त्रको अन्त्यतर्फको कदमका रूपमा टिप्पणी गर्नुभएको छ ।

तेहरानमा आइतबार पनि शक्तिशाली विस्फोटका आवाज सुनिएका एएफपीका संवाददाताहरूले बताएका छन्, यद्यपि स्रोत स्पष्ट हुन सकेको छैन । इरानको न्यायपालिकाले मिनाबस्थित एक बालिका विद्यालयमा भएको आक्रमणमा १०८ जनाको मृत्यु भएको जनाएको छ, तर एएफपीले स्वतन्त्र पुष्टि गर्न सकेको छैन ।

अमेरिका र इजरायलको कारबाहीको प्रतिउत्तरमा इरानको रिभोलुसनरी गाड्र्सले इजरायलतर्फ मिसाइल र ड्रोन आक्रमणको पहिलो लहर सुरु गरेको छ । शनिबार बहराइनस्थित अमेरिकी पाँचौँ फ्लीट र खाडी क्षेत्रका अन्य अमेरिकी अड्डाहरूलाई पनि लक्षित गरिएको दाबी गरिएको छ । इजरायलको म्यागेन डेभिड एडोम आपतकालीन सेवाका अनुसार तेल अभिव क्षेत्रमा एक महिलाको मृत्यु भएको र कम्तीमा २१ जना घाइते भएका छन् । देशभर खोज तथा उद्धार टोली परिचालन गरिएको छ ।

खामेनीको मृत्युपछि गाड्र्सले ' इतिहासकै सबैभन्दा हिंसक' अपरेसन सुरु गर्ने चेतावनी दिएको छ । खाडी क्षेत्रभर विस्फोटका घटनाहरू रिपोर्ट भएका छन् । संयुक्त अरब इमिरेट्सले अबु धाबीमा एक पाकिस्तानी नागरिकसहित दुई जनाको मृत्यु भएको जनाएको छ भने आफ्नो भूभागमा १३७ मिसाइल र २०९ ड्रोन प्रहार गरिएको दाबी गरेको छ । दुबईमा विस्फोटको आवाज र 'द पाम' क्षेत्रमा धुवाँ देखिएको प्रत्यक्षदर्शीहरूले बताएका छन् । चार जना घाइते भएका छन् ।

रियाद, मनामा र दोहामा पनि ठूलो विस्फोटको आवाज सुनिएको एएफपीका संवाददाताहरूले जनाएका छन् । कतारले आफूविरुद्ध प्रहार गरिएका थुप्रै क्षेप्यास्त्र रोकेको दाबी गरेको छ । इराकस्थित कातेब हिजबुल्लाह समूह आबद्ध सैन्य अड्डामा भएको हवाई आक्रमणमा दुई जनाको मृत्यु भएको छ र उक्त समूहले अमेरिकाविरुद्ध जवाफ दिने चेतावनी दिएको छ । इरानले रणनीतिक होर्मुज जलडमरूमध्य बन्द गर्न कदम चालेको घोषणा गरेको छ, जसबाट विश्वको ठूलो हिस्सा तेल तथा ग्यास आपूर्ति हुँदै आएको छ ।

विकासक्रमले अन्तर्राष्ट्रिय समुदायलाई पनि गम्भीर चिन्तामा पारेको छ । संयुक्त राष्ट्र सुरक्षा परिषद्ले आपतकालीन बैठक बोलाएको छ । इरानका प्रतिनिधिले अमेरिका र इजरायलमाथि सर्वसाधारणमाथि आक्रमण गरी सम्भावित युद्ध अपराध गरेको आरोप लगाएका छन् । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सैन्य कारबाहीले नियन्त्रणबाहिर जाने घटनाक्रम निम्त्याउन सक्ने चेतावनी दिनुभएको छ ।

तेहरान-वासिङ्टन वार्तामा मध्यस्थता गरिरहनुभएका ओमानका विदेशमन्त्रीले हिंसाबाट निराश भएको प्रतिक्रिया दिनुभएको छ । युरोपेली सङ्घ (इयु) ले परिस्थितिलाई 'खतरनाक' भनेको छ । खाडी राष्ट्रहरूले संयुक्त वक्तव्यमार्फत इरानको आक्रमणको निन्दा गरेका छन् भने रुसले अमेरिका-इजरायल कारबाहीलाई 'खतरनाक साहसिक कार्य' भन्दै क्षेत्रीय विनाश निम्त्याउन सक्ने टिप्पणी गरेको छ । लेबनानको हिजबुल्लाह समूहले क्षेत्रीय राष्ट्र र जनतालाई अमेरिका र इजरायलविरुद्ध उभिन आह्वान गरेको छ ।

यसबीच इरान, इराक, कुवेत, सिरिया, संयुक्त अरब इमिरेट्स र इजरायलले नागरिक उडानका लागि आकाश आंशिक वा पूर्ण रूपमा बन्द गरेका छन् । धेरै अन्तर्राष्ट्रिय विमान सेवाहरूले मध्यपूर्वका उडान स्थगित गरेका छन् । रुसले पनि इरान र इजरायलतर्फका व्यावसायिक उडान अर्को सूचना नआउन्जेल रद्द गरेको जनाएको छ ।तेहरानबाट सुरु भएको यो द्वन्द्वले अब खाडी क्षेत्र र विश्व शक्तिहरूलाई प्रत्यक्ष रूपमा तान्दै व्यापक क्षेत्रीय सङ्घर्षको सम्भावना बलियो बनाएको छ ।

# काबुलमा पाक-अफगान हवाई झडप, विस्फोट र गोलीबारी

एएफपी

काबुल । अफगान सेनाले पाकिस्तानी विमानमा गोली हान्दा काबुलमा आइतबार लगातार विस्फोट र गोलीबारी भएको थियो र स्थानीय एएफपी पत्रकारहरूले ती आवाजहरू प्रत्यक्ष अनुभव गरेका थिए । सीमा क्षेत्रमा भएको पछिल्ला झडपहरूले तालिबान सरकार र पाकिस्तानबीच तनाव तीव्र बनाएको छ । झडपहरूले नागरिक र सुरक्षा बल दुवै प्रभावित भएका छन् ।

तालिबान प्रवक्ता जबिहुल्लाह मुजाहिदले काबुलमा पाकिस्तानी विमानमा एन्टी-एयरक्राफ्ट फायर गरिएको पुष्टि गर्नुभएको छ । पाकिस्तानले शुक्रबार अफगानिस्तानका प्रमुख सहरहरूमा हवाई आक्रमण गरेको स्वीकार गरेको भए पनि सर्वसाधारणको मारिएको आरोपको जवाफ दिइएको छैन । दक्षिणी कान्दाहारमा दुई हवाई आक्रमणमा कम्तीमा तीन सर्वसाधारणको मृत्यु भएको स्थानीय निर्माणकर्मीहरूले बताएका छन् । २० वर्षीय इनामुल्लाले भन्नुभयो, "हाम्रो आँखाअघि सबै कुरा अँध्यारो भयो, म काबुलमा रोजीरोटी कमाउन मात्रै आएको हुँ ।"

अफगान उपप्रवक्ता हमदुल्ला फित्रतले बिहीबारदेखि सीमा क्षेत्रमा पाकिस्तानी गोली हानाहानमा ३० जना सर्वसाधारणको ज्यान गएको बताउनुभयो । दुवै पक्षको हताहत दावी स्वतन्त्र रूपमा प्रमाणित गर्न गाह्रो छ ।

अफगान सुरक्षा बलका अनुसार, पाकिस्तानी लडाकू जेट खसालिएको र पाइलट पक्राउ गरिएको भन्ने दाबी गलत भएको जनाएको छ । तर सीमा नजिकैका बासिन्दाहरूले गोलीबारी जारी रहेको र केही घर छोडेर भाग्नुपर्ने अवस्था



आएको बताए । ६३ वर्षीय मोहम्मद रसूलले भन्नुभयो, "बमबारी सुरु भएपछि बालबालिका, महिला सबै बाहिर निस्किए, कसैसँग जुत्ता थिएन, कसैसँग घरको झ्याल-ढोका ढाक्ने कपडा वा सुरक्षा थिएन ।"

कूटनीतिक प्रयासहरू युद्धविराम सुनिश्चित गर्न असफल भएका छन् । साउदी अरेबिया र कतार झडप रोक्ने प्रयासमा संलग्न छन् भने चीनले दुवै देशसँग काम गरिरहेको भन्दै शान्तिका लागि आह्वान गरेको छ । संयुक्त राज्य अमेरिकाले 'तालिबान आक्रमण विरुद्ध आफ्नो रक्षा गर्ने पाकिस्तानको अधिकार' लाई समर्थन गरेको जनाएको छ । पाकिस्तानले अफगानिस्तानलाई आक्रमणकारी समूहहरूमाथि कारबाही गर्न असफल भएको आरोप लगाएको छ, जुन तालिबानले अस्वीकार गरेको छ ।

तालिबानसँग सम्बन्धित आतङ्कवादी समूह तेहरीक-ए-तालिबान पाकिस्तान (टिटिपी) ले विगतमा धेरै आक्रमणको दावी गरेको छ । यस हप्ताको हवाई आक्रमण पाकिस्तानले अफगान सरकारी सुविधाहरूमा केन्द्रित गरेको पहिलो ठूलो अपरेशन मानिएको छ । पाकिस्तानका प्रवक्ता मुशर्रफ जैदीले लगभग ३०० अफगान सैनिक र आतङ्कवादी मारिएको र २७ चौकी कब्जा गरिएको दाबी गर्नुभएको छ ।

पाकिस्तानी सूचनामन्त्रीले शनिबारसम्म अफगानिस्तानमा ३७ स्थानमा हवाई आक्रमण भएको बताउनुभयो । अफगान उपप्रवक्ता फित्रतले ८० भन्दा बढी पाकिस्तानी सैनिक मारिएको र २७ सैन्य चौकी कब्जा भएको जानकारी दिनुभयो । काबुलको रक्षा मन्त्रालयले पनि पाकिस्तानको भूभागमा हवाई आक्रमण जारी भएको पुष्टि गरेको छ ।

पाकिस्तानले 'खुल्ला युद्ध' घोषणा गरेको छ भने अफगान सरकारले वार्तामार्फत द्वन्द्व समाधानको आह्वान गरेको छ । यस महिनाको हिंसा अक्टोबरको झडपपछि सबैभन्दा खराब मानिएको छ, जसमा दुवै पक्षका ७० भन्दा बढी मानिस मारिएका छन् र सीमा क्षेत्रमा आम नागरिक जोखिममा छन् ।

गत वर्ष कतार र टर्कीको मध्यस्थतामा भएको युद्धविराम र वार्ता असफल भएपछि साउदी अरेबिया यस महिना हस्तक्षेपमा आएको थियो । यसबीच काबुलमा लगातार गोलीबारी र हवाई आक्रमणले सीमा नजिकका बासिन्दा र मजदुरहरूको जीवन प्रभावित भएको छ ।

# मध्यपूर्व हवाई क्षेत्र बन्द, हजारौँ उडान रद्द


एएफपी

पेरिस । अमेरिका र इजरायलले इरानमा गरेको आक्रमणपछि मध्यपूर्वका देशहरूले आफ्नो हवाई क्षेत्र आंशिक वा पूर्ण रूपमा बन्द गरेका छन्, जसका कारण विश्वव्यापी हवाई यातायातमा सबैभन्दा ठूलो अवरोध देखा परेको छ । हजारौँ उडान ढिलाइ वा रद्द भएका छन्, हजारौँ यात्रुहरू अस्थायी रूपमा विमानस्थलमा रोकिएका छन् ।

इरान, इराक, इजरायल, सिरिया, कुवेत र संयुक्त अरब इमिरेट्सले शनिबार आक्रमणपछि आफ्नो आकाश नियन्त्रणमा राख्ने घोषणा गरेका थिए । प्रमुख एयरलाइन्सहरू जस्तै एमिरेट्स, एतिहाद, एयर फ्रान्स, ब्रिटिस एयरवेज, एयर इन्डिया, टर्की एयरलाइन्स र लुफ्थान्सा समेतले सेवा स्थगित गरेका छन् । उड्डयन विश्लेषक कम्पनी सिरियमका अनुसार मध्यपूर्वमा लगभग चार हजार २१८ उडानमा ९६६ उडान रद्द भए भने आउटबाउन्ड उडानहरू समेत गणना गर्दा सङ्ख्या एक हजार ८०० माथि पुगेको छ ।

इरानले तुरुन्तै आफ्नो हवाई क्षेत्र बन्द गरेको छ भने इजरायलले पनि नागरिक उडानका लागि आकाश बन्द गरेको घोषणा गरेको छ । कतार, इराक, सिरिया, जोर्डन र कुवेतले आंशिक वा पूर्ण रूपमा आफ्नो हवाई क्षेत्र बन्द गरेका छन् । संयुक्त अरब इमिरेट्सले आंशिक रूपमा हवाई क्षेत्र नियन्त्रणमा राखेको बताएको छ ।

गल्फ क्षेत्रका प्रमुख एयरलाइन्सहरूमा एमिरेट्स र एतिहादले क्रमशः ३८ र ३० प्रतिशत उडान रद्द गरेका छन् । कतार एयरवेजले आफ्नो सम्पूर्ण उडानहरू स्थगित गरेको छ भने सिरिया एयरले सबै उडान अर्को सूचना



नआउन्जेल रद्द गरेको छ । इजिप्टएयरले दुबई, दोहा, मनामा, अबु धाबी, बेरुत र बगदाद गन्तव्यका लागि उडान निलम्बन गरेको छ । युरोपेली एयरलाइन्सहरू पनि प्रभावित भएका छन् । रोसाभिट्सिया (रुस) ले इजरायल र इरानका लागि सबै व्यावसायिक उडान रद्द गरेको छ । एयर फ्रान्स, ब्रिटिस एयरवेज, स्विस इन्टर नेसनल एयरलाइन्स र लुफ्थान्साले मध्यपूर्वका प्रमुख गन्तव्यका लागि उडान स्थगित गरेका छन् ।नर्थ अमेरिका र एसिया-प्यासिफिकका एयरलाइन्सहरूले पनि उडान स्थगित गरेका छन् । डेल्टा, अमेरिकन, युनाइटेड, एयर क्यानाडा, इन्डिगो, एयर इन्डिया, क्याथे प्यासिफिक र गरुडा इन्डोनेसिया लगायतका एयरलाइन्सले मध्यपूर्वका गन्तव्यका लागि उडान स्थगित गरेका छन् ।

अफ्रिकाका एयरलाइन्स इथियोपियन एयरलाइन्स र केन्या एयरवेजले पनि दुबई, अम्मान, तेल अभिव, दम्माम र बेरुत गन्तव्यका लागि उडान रद्द वा स्थगित गरेका छन् ।

# चुनावैपिच्छे वाचा, शुक्लाफाँटा आरक्ष विस्थापित २४ वर्षदेखि पुनःस्थापनाको पर्खाइमा

दोधारा चाँदानी । हरेक निर्वाचनमा दलहरूको चुनावी एजेन्डा बन्ने गरेको शुक्लाफाँटा आरक्ष विस्थापितको विषय यसपटकको निर्वाचनमा पनि सबै दलका उम्मेदवारको चुनावी एजेन्डामा छ । स्थानीय तह निर्वाचनदेखि सङ्घीय निर्वाचनमा आरक्ष विस्थापितको पुनःस्थापनाको एजेन्डा बन्दै आएको दुई दशक भइसकेको छ ।



तत्कालीन शुक्लाफाँटा वन्यजन्तु आरक्ष (हालको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज) विस्तारका क्रममा २०५८ सालमा विस्तापित भएका आरक्ष विस्थापित अहिले पनि कञ्चनपुरका विभिन्न स्थानमा शिविरमा बस्दै आएका छन् । एक सय ५० वर्गकिलोमिटर क्षेत्रमा रहेको शुक्लाफाँटाको पूर्वी क्षेत्र विस्तार गरेर ३०५ वर्गकिलोमिटर पुर्याइएको थियो । उक्त क्षेत्र विस्तारका क्रममा विस्थापित भएका दुई हजार ४७३ परिवार विस्थापित जङ्गल छेउमा कष्टकर जीवन जिउन बाध्य छन् ।

"अहिले पनि नेताहरू आएर तपाईँहरूको पुनःस्थापना गर्छौं हामीलाई भोट दिनुस् भन्छन्", ढक्का शिविरका आरक्ष विस्थापित वीरसिंह धामीले भन्नुभयो, "आश्वासन धेरै पायौँ चुनावमा मात्रै हुन्छ भन्छन्, त्यसपछि हाम्रो सुनुवाइ हुँदैन ।" उहाँले यसअघि पुनःस्थापनाको आश्वासनमा चारपटक मतदान गरिसक्नुभयो ।

"हाम्रो पुनःस्थापना होला भन्ने विश्वास त छैन यसपटक पनि सबै पार्टीका उम्मेदवारले पुनःस्थापना गर्ने प्रतिबद्धता गरेका छन्", धामीले भन्नुभयो, "राज्यले हाम्रो समस्यालाई गम्भीर रूपमा लिएन ।" आरक्ष विस्थापितका लागि सरकारले पटकपटक गरेर ३३ आयोग बनाए पनि पीडितको समस्या समाधान हुन नसक्दा उनीहरू राजनीतिक दलहरूले आफूहरूलाई भोट बैंकमात्र बनाएको दुःखेसो गर्दैआएका छन् ।

"आरक्ष विस्थापितका नाममा आयोग बनायो, कार्यकर्ता भर्ती गर्यो त्यतिमात्रै हुन्छ", पीडित रामलाल डगौंराले भन्नुभयो, "३३ आयोग बन्दा पनि हाम्रो समस्या समाधान भएन ।" उहाँले आफूहरूको माग सरकारले सुरक्षित स्थानमा बसोबासको व्यवस्थापन गर्नुपर्ने रहेको बताउनुभयो । "हामीलाई राज्यले घरवारविहीन बनाएको हो, राज्यले नै हाम्रो व्यवस्थापन गर्नुपर्छ", डगौंराले भन्नुभयो, "हामी सरकार र राजनीतिक दलहरूबाट पटकपटक ठगिएका छौँ ।"

आरक्ष विस्थापितको व्यवस्थापनका लागि सरकारले पटकपटक आयोग गठन गरे पनि उक्त आयोगले समस्या समाधान गर्नुको साटो सङ्ख्यामात्रै थपघट हुने गरेको आरक्ष विस्थापितहरु बताउँछन । विस्थापित भएपछि पाँच वर्ष सडकमा बिताएका विस्थापितहरू २०६४ सालमा जङ्गलको छेउको खाली जग्गामा अतिक्रमण गरेर बस्दै आएका छन् ।

"हामी जहिल्यै पनि भोटका लागि मात्रै प्रयोग भयौँ", स्थानीय नरेश रानाले भन्नुभयो, "सरकारले पुनःस्थापना नगर्दा अन्धकारमा बस्नुपरेको छ ।" विस्थापितहरू अतिक्रमण गरेर जङ्गल छेउको खाली जग्गामा बसेका कारण राज्यबाट पाउने आधारभूत सेवा सुविधाबाट समेत वञ्चित भएको उहाँ बताउनुहुन्छ ।

आरक्ष विस्थापितको पुनःस्थापना हुने आसमा २४ वर्षदेखि कष्टकर जीवनमा बाँचिरहेको रामदास चौधरी बताउँछन् । "जङ्गली हात्ती आउँछ घर भत्काउँछ, पुनः झुपडी बनाउन निकुञ्जले बनाउन दिँदैन", चौधरीले भन्नुभयो, "यहाँ बिजुली बत्ती, खानेपानी केही सुविधा छैन ।" विस्थापितको समस्या समाधानका लागि सरकारले राज्यकोषबाट करोडौँ रुपैयाँ खर्च गरे पनि अवस्थामा सुधार आउन नसकेको उहाँको भनाइ छ ।

आरक्ष विस्तारका क्रममा विस्थापित भएकालाई व्यवस्थापन गर्न सरकारले २०३७ सालमा अमृतमान श्रेष्ठको अध्यक्षतामा आयोग गठन गरेको थियो । उक्त आयोगले जग्गाको लालपुर्जा भएका ६२ परिवारलाई ४४४ बिघा जग्गा सट्टाभर्ना दियो । पछि २०३८ सालमा सर्वज्ञराज पण्डितको अध्यक्षता र २०४२ सालमा युगनाथ शर्माको अध्यक्षतामा बनेका आयोगले दुई हजार १७५ परिवारलाई दुई हजार २३० बिघा जग्गा सट्टाभर्ना दिएको देखिन्छ । विसं २०४४ पछिका आयोगहरूले ऐलानी जग्गामा बसोबास गरेका आरक्ष विस्थापितको लगत सङ्कलन गर्ने र थपघट गर्नेबाहेक कुनै काम गरेको देखिँदैन । सरकारले २०७१ सालमा पुनरावेदन अदालतका पूर्वन्यायाधीश ठाकुरप्रसाद शर्माको अध्यक्षतामा आयोग गठन गरेको थियो ।

उक्त आयोगले विगतका आयोगले प्रमाणीकरण गरेकामध्ये 'क' वर्गमा एक हजार ४८०, 'ख' मा २५६ र 'ग' मा २४४ परिवारको व्यवस्थापन गर्न सरकारलाई सिफारिस गरे पनि विस्थापितहरूको व्यवस्थापन हुन सकेन । त्यसपछि क्षेत्रीय वन निर्देशक सुधीर कोइरालाको अध्यक्षतामा बनेको आयोगले कुनै काम गरेन । उक्त आयोगपछि सुरेन्द्र बमको अध्यक्षतामा गठन गरियो । उक्त आयोगले एक हजार ४८० परिवारभित्र पनि छानबिन गरेर वास्तविक विस्थापितलाई १० कट्ठासम्म जमिन वा रु ६० लाख नगद दिनुपर्ने सुझाव सरकारलाई दिएको छ ।

सुझाव पेस गरेको केही समयमै सरकारले २०७८ सालमा पुनः दलबहादुर बोहरा नेतृत्वको ३२औँ आयोग गठन गरेको थियो । उक्त आयोगले पनि आरक्ष विस्थापितको समस्या समाधन गर्न सकेन । सरकारले २०८१ सालमा उच्च अदालतका पूर्वन्यायाधीश जयानन्द पनेरुको अध्यक्षतामा ३३औँ आयोग गठन गर्यो । उक्त आयोगले ठाकुरप्रसाद शर्मा आयोगले सिफारिस गरेका आधारमा छुटफुट रहेका पीडितको लगत सङ्कलन गरेर दुई हजार २७ परिवारको व्यवस्थापन गर्न सरकारलाई सिफारिस गरेको छ । विस्थापितहरू जिल्लाका विभिन्न स्थानका १७ शिविरमा बसोबास गरिरहेका छन् । रासस

# विराटचोकमा काजारियाको नयाँ एक्सक्लुसिभ शोरूम उद्घाटन



**टुडे समाचारदाता**

विराटचोक ।कजरीया रमेश टाइल्स लिमिटेडले विराटचोकमा आफ्नो नयाँ एक्सक्लुसिभ शोरूम उद्घाटन गरेको छ। महालक्ष्मी ट्रेडर्सद्वारा सञ्चालनमा ल्याइएको उक्त शोरूम फागुन १५ गते दिउँसो १ बजे औपचारिक रूपमा सर्वसाधारणका लागि खुला गरिएको हो ।

उद्घाटन कार्यक्रममा काजारिया रमेश टाइल्स लिमिटेडका निर्देशक हिमांशु अग्रवाल, धर्मगुरु दिनबहादुर शास्त्रीको विशेष उपस्थिति रहेको थियो। रिबन काटेर शोरूम उद्घाटन गरिएको कार्यक्रममा स्थानीय व्यवसायी, निर्माण व्यवसायी तथा सर्वसाधारणको उल्लेख्य सहभागिता रहेको थियो ।

कार्यक्रममा बोल्दै निर्देशक हिमांशु अग्रवालले विराटचोक क्षेत्रमा महालक्ष्मी ट्रेडर्ससँगको सहकार्यमार्फत आफ्नो उपस्थिति विस्तार गर्न पाएकोमा खुसी व्यक्त गरे । उनले यस क्षेत्रको तीव्र आवासीय तथा व्यावसायिक विकाससँगै गुणस्तरीय, नवप्रवर्तनशील र टिकाउ टाइल्सको माग बढ्दै गएको उल्लेख गर्दै नयाँ शोरूमलाई ग्राहकका लागि प्रेरणाको गन्तव्यका रूपमा विकास गर्ने बताए ।

त्यसैगरी, मेयर केदार प्रसाद गुरागाईंले प्रतिष्ठित अन्तर्राष्ट्रिय ब्रान्डको आगमनले स्थानीय रोजगारी सिर्जना हुनुका साथै निर्माण क्षेत्रको स्तर उकास्न सहयोग पुग्ने विश्वास व्यक्त गरे। मेयर दिल प्रसाद राईले पनि विराटचोक तथा आसपासका क्षेत्रमा पूर्वाधार र आवास विकास तीव्र गतिमा भइरहेको उल्लेख गर्दै काजारियाको उपस्थितिले घरधनी, ठेकेदार तथा डेभलपरलाई गुणस्तरीय विकल्प उपलब्ध गराउने बताए ।

नयाँ शोरूममा आधुनिक सौन्दर्य, उन्नत फिनिसिङ तथा टिकाउ विशेषतासहितका सिरेमिक र भिट्रिफाइड टाइल्सको विस्तृत संग्रह राखिएको छ। करिब ३,००० भन्दा बढी डिजाइन विकल्पसहित कम्पनीले नेपाली बजारमा विश्वस्तरीय गुणस्तरका उत्पादन उपलब्ध गराउँदै आएको जनाएको छ ।

काजारिया रमेश टाइल्स लिमिटेडले नेपालमै सबैभन्दा ठूलो टाइल्स उत्पादन उद्योग स्थापना गरी अत्याधुनिक प्रविधि र अन्तर्राष्ट्रिय गुणस्तर मापदण्डअनुसार उत्पादन गर्दै टाइल्स उद्योगमा नयाँ मापदण्ड स्थापित गरेको दाबी गरेको छ ।

# सडक पहुँचसँगै लसुनखेतीमा आकर्षित

भोजपुर । टेम्केमैयुङ गाउँपालिका-५ मझौलेका किसान यतिबेला व्यावसायिक लसुनखेतीतर्फ आकर्षित हुँदै गएका छन् । विगतमा घरायसी प्रयोजनका लागि मात्र सीमित रहेको लसुनखेती अहिले आम्दानीको स्रोतका रूपमा विकास हुँदै गएको हो ।

ग्रामीण सडक सञ्जाल विस्तार भएसँगै उत्पादन गरिएको लसुन सहज रूपमा बजारसम्म पुग्न थालेपछि किसानले व्यावसायिक खेतीलाई प्राथमिकता दिन थालेका हुन् ।

मझौलेकी किसान विजया लुईँटेलले हाल करिब दुई रोपनी क्षेत्रफलमा लसुनखेती गरिरहनुभएको छ । सडक पहुँच सहज भएसँगै व्यापारी गाउँमै पुगेर लसुन सङ्कलन गर्न थालेपछि बजारको चिन्ता हटेको उहाँको भनाइ छ ।

"पहिले उत्पादन बिक्री गर्न बजारसम्म लैजान कठिन हुन्थ्यो, अहिले सडक पुगेपछि व्यापारी घरमै आउँछन्, मूल्य पनि राम्रो पाइन्छ", लुईँटेलले भन्नुभयो । उहाँका अनुसार गत वर्ष लसुन प्रति किलो रु २०० सम्ममा घरबाटै बिक्री भएको थियो । उत्पादन लागत तुलनात्मक रूपमा कम र बजार मूल्य आकर्षक भएकाले राम्रो आम्दानी लिन सकिएको थियो । "गाउँमा धेरै किसान व्यावसायिक रूपमा लसुनखेतीमा जुटेका छन्", उहाँले भन्नुभयो, "मैले पनि विस्तारै क्षेत्रफल बढाउँदै लगेकी छु ।"

स्थानीय किसानका अनुसार मझौलेको माटो र हावापानी लसुनखेतीका लागि उपयुक्त छ । राम्रो उत्पादन हुने र लामो समयसम्म भण्डारण गर्न सकिने भएकाले पनि लसुनखेती सुरक्षित बालीका रूपमा स्थापित हुँदै गएको छ । पछिल्लो समय छिमेकी बजार तथा जिल्ला बाहिरबाट पनि माग छ ।रासस


## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/११/१८ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**तपसिल**

| क्र.सं. | शाखा कार्यालय : रूपनी, सप्तरी | |
|---|---|---|
| | **ऋणीको नाम, ठेगाना** | **जमानतकर्ताको विवरण** |
| १. | **नाम : बिरेन्द्र कुमार चौधरी**<br>ना.प्र.नं. १६१०२६/१९८, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०६६/०६/०४<br>बाबुको नाम : गढाई चौधरी<br>बाजेको नाम : चुल्हाई चौधरी<br>ठेगाना : सप्तरी जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. १<br>हाल : सप्तरी जिल्ला, अग्नीसाइर कृष्णासवरन गा.पा. वडा नं. ३ | **नाम : गढाई चौधरी थारु**<br>ना.प्र.नं. ९४६३१२१३, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०३७/१२/२१<br>बाबुको नाम : चुल्हाई चौधरी<br>बाजेको नाम : कानन चौधरी<br>ठेगाना : सप्तरी जिल्ला, तेरहौता गा.वि.स. वडा नं. ६<br>हाल : सप्तरी जिल्ला, अग्नीसाइर कृष्णासवरन गा.पा. वडा नं. ३ |
| | **धितोको विवरण** | |
| | गढाई चौधरी थारुको नाममा मालपोत कार्यालय सप्तरी राजबिराजमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. ७० को क्षेत्रफल ०-८-४-० (बिगाहा) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |
| क्र.सं. | शाखा कार्यालय : चपुर, रौतहट | |
| | **ऋणीको नाम, ठेगाना** | |
| १. | **नाम : मामा भान्जा फेन्सी एण्ड शु सेन्टर**<br>प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, गौर रौतहट, नेपाल<br>प्रा.फ.र.नं. ११११५/१८२५, दर्ता मिति : २०७७/१२/२६, पान नं. ६१५७९७९८६, दर्ता मिति : २०७७/१२/३०<br>ठेगाना : रौतहट जिल्ला, चन्द्रपुर न.पा वडा नं. ४, **प्रोप्राइटर : सुप्रिया कटुवाल** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : सुप्रिया कटुवाल**<br>ना.प्र.नं. ३२२०८०/३४३०, जि.प्र.का. रौतहट<br>जारी मिति : २०७१/०१/२६<br>पतिको नाम : सुशिल खड्का<br>ससुराको नाम : श्याम कुमार खड्का<br>ठेगाना : रौतहट जिल्ला, चन्द्रपुर न.पा वडा नं. ४ | **२. नाम : सुशिल खड्का**<br>ना.प्र.नं. २७१०४७/१२७२०३, जि.प्र.का. काठमाडौं<br>जारी मिति : २०७१/०१/१०<br>बाबुको नाम : श्याम कुमार खड्का<br>बाजेको नाम : मान कुमार खड्का<br>ठेगाना : काठमाडौ जिल्ला, मातातीर्थ गा.वि.स. वडा नं. ७<br>हाल : रौतहट जिल्ला, चन्द्रपुर न.पा वडा नं. ४ |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : रुपनी, सप्तरी, फोन नं. ०३१-४५००१२
चपुर, रौतहट, फोन नं. ०५५-५४०७५९
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



## नेपाल सरकारको नाउँमा छुट्टै मंत्रालय स्थापनाको सम्बन्धमा सार्वजनिक सूचना

विषयः गंगा सागर र धनुषसागरको विच डीलमा रहेको सार्वजनिक पुस्तकालय अन्तर्गत भारतीय इण्डीयन एम. वि. सी. दुतावास राजदुत उपस्थिति रजिष्टर्ड फाइल अन्तर्गत योजना सम्बन्धमा सरसफाई, वृक्षारोपण, धर्मशाला निर्माण तथा खानेपानी साथै दुधमती गंगाको दुई तर्फी विकास, पानी व्यवस्थापन योजना अन्तर्गत सञ्चालन जनकपुरधाम भन्दा बाहिर हुने ।

RU26566421FN
RU265664985IN
RL430333422IN
RD865362527IN
ED794629692NP
ED79462976NP
RD783771091NP
RD783706668NP

**देव शरण साह**
ज.उ.म.न.पा. वडा नं. १८
मो. ९८१७६३४३७८



## श्री प्रमुख जिल्ला अधिकारी ज्यू, जिल्ला प्रशासन कार्यालय, धनुषा, जनकपुर
## सिफारिस माग गरिएको खण्डमा सिफारिस गराई पाउँ
## कोष तथा लेखा नियन्त्रण कार्यालय धनुषाको नाउमा सार्वजनिक सूचना

विषयः- जिल्ला प्रशासन कार्यालय धनुषाको दर्ता नं. २४०२ मिति २०८०/०६/०५ गतेको पत्रानुसार सो कार्यालय धनुषाबाट भएको सिफारिस अनुसारको रकम भुक्तानीको चेक राष्ट्रिय वाणिज्य बैंकको नाउँमा उपलब्ध गराई दिने सम्बन्धमा माग गरेको छु । कोष तथा लेखा नियन्त्रण कार्यालय, धनुषा जारि RD७८५१४९१२NP मिति २०७९/२/२६ गते

RD015569144NP
ED799406476NP
RM059510573IN
EH033634615US

समेतको रकम रु. ७८०००७५००/३४

**देव शरण साह**
ज.उ.म.न.पा. वडा नं. १८
मो. ९८१७६३४३७८



## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यलय, हरिवन, सर्लाहीको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/११/१८ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीहरुले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणीको विवरण | |
|---|---|
| १. सर्लाही जिल्ला, शंकरपुर गा.वि.स. वडा नं. ३ स्थित रजिष्टर्ड कार्यालय रही प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४/साझेदारी ऐन, २०२० बमोजिम प्रदेश सरकार (प्रदेश नं. २), उद्योग, पर्यटन, तथा वन वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा मिति २०७१ साल कार्तिक महिना २६ गते रोज ४ मा प्रा.फ.नं. ३३८९/०७१/०७२ तथा आन्तरिक राजश्व कार्यालय जनकपुरमा मिति २०७१/०७/२६ मा स्थायी लेखा नम्बर (PAN) ६०२६३१६५७ अन्तर्गत दर्ता कायम भएको **न्यु लक्ष्मी इम्पेक्स** ।<br>**प्रोप्राईटर : राजनन्दन चौधरी** | |
| **ऋणी तथा ऋणी (१) को व्यक्तिगत जमानतकर्ताको विवरण** | |
| २. राम बहादुर चौधरीको बुहारी, विन्देश्वर चौधरीको पत्नी, सर्लाही जिल्ला, साविक शंकरपुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, बाग्मती न.पा. वडा नं. ८ बस्ने **राजपति देवी कल्वार** (ना.प्र.नं. ६७७६०१/००८, जारी मिति २०४४/१२/०१, जि.प्र.का. सर्लाही) । | |
| **ऋणी (१) र (२) को संयुक्त व्यक्तिगत जमानतकर्ताको विवरण** | |
| १. राम बहादुर चौधरीको नाति, बिन्देस्वर चौधरीको छोरा, सर्लाही जिल्ला, साविक शंकरपुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, बागमती न.पा. वडा नं. ८ बस्ने **राजनन्दन चौधरी** (ना.प्र.नं. ०८९०१६७५६, जारी मिति २०५३/१२/२७, जि.प्र.का. सर्लाही) । | २. लखन चौधरीको नाति, राम वहादुर चौधरीको छोरा, सर्लाही जिल्ला, साविक शंकरपुर गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, बागमती न.पा. वडा नं. ८ बस्ने **बिन्देश्र चौधरी** (ना.प्र.नं. ६७७६०१९७, जारी मिति २०४४/१२/०१, जारी जि.प्र.का. सर्लाही) । |
| **धितोको विवरण** | |
| १. **ऋणी १ को पक्षमा रोक्का कायम रही ऋणी २ को पक्षमा पुनः धितोबन्धकी कायम रहेको** राजपति देवी कलवार (ना.प्र.नं. ६७७६१९८, जारी मिति २०४४/१२/०१, जि.प्र.का. सर्लाही) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सर्लाही जिल्ला, साविक राजघाट गा.वि.स./न.पा. वडा नं. ५, नारायणपुर हाल सर्लाही जिल्ला, बागमती न.पा. वडा नं. ८ स्थित कि.नं. ५९३ को क्षेत्रफल ०-१०-० (विघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।<br>२. **ऋणी १ को पक्षमा रोक्का कायम रही ऋणी २ को पक्षमा दोहोरो धितोबन्धकी कायम रहेको** बिन्देश्र चौधरी (ना.प्र.नं. ६७७६०१९७, जारी मिति २०४४/१२/०१, जि.प्र.का. सर्लाही) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सर्लाही जिल्ला, साविक राजघाट गा.वि.स./न.पा. गणेशपुर हाल सर्लाही जिल्ला, बागमती न.पा. वडा नं. ८ स्थित कि.नं. १९१ को क्षेत्रफल ०-५-५ (विघा) र सर्लाही जिल्ला, साविक राजघाट गा.वि.स./न.पा. आत्मपुर क हाल सर्लाही जिल्ला, बागमती न.पा. वडा नं. ५ स्थित कि.नं. १३६ को क्षेत्रफल ०-१०-० (विघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।<br>३. न्यू लक्ष्मी इम्पेक्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण । | |

Siddhartha Bank
शाखा कार्यलय : हरिवन, सर्लाही
फोन नं. ०४६-५३०४७४
Website : www.siddharthabank.com

# जलेश्वर कारागारबाट भागेका राम हरलाखीमा पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम । भारतीय सीमा सुरक्षा बल (एसएसबी) प्रहरीले सीमावर्ती नाकामा हरलाखी बोर्डर नजिक जलेश्वर कारागारबाट फरार एक कैदीलाई देशी पेस्तोल र लागू औषध गाँजासहित पक्राउ गरेको छ।

पक्राउ परेका आरोपित धनुषाको मुखियापट्टी मुसहरनिया २ का अनरजीत राम रहेका छन्। उनको साथबाट भारतीय एसएसबी प्रहरीले एक देशी पेस्तोल, त्यसमा लाग्ने दुईवटा गोली र पोलिथिनमा प्याक गरिएका ४.२ किलोग्राम गाँजा मोटरसाइकल सहित उनलाई पक्राउ गरेको हो।

मधुबनी जिल्ला अन्तर्गतको हरलाखी प्रहरीको सहयोगमा इण्डो बोर्डर पिपरौन एसएसबी बीओपी एसएसबीका इन्सपेक्टर ऋषिकेश कुमारकोनेतृत्वमाखटिएकाएसएसबी प्रहरी टोलीले उनलाई पक्राउ गरी बिहार प्रहरीको जिम्मा लगाएको छ।

नेपालको जलेश्वर कारागारबाट फरार बैंक डकैतीका आरोपित भारततर्फ आएको गोप्यको सूचनाको आधारमा हरलाखी प्रहरीको सहयोगमामोटरसाइकलमागइरहेका अनरजीत रामलाई एसएसबी प्रहरीले संयुक्त रुपमा घेराहाली पक्राउ गरेको हो । भारतीय प्रहरीलाई देखेर उनी भाग्न खोज्दा प्रहरी गाडीले पन्छ्याउँदै उनलाई पक्राउ गरेको थियो।

भारतीय राहदानी, आधार कार्ड, प्यान कार्ड, इन्डिया पोष्ट पेमेन्ट बैंकको कार्ड र मोबाइल फोन समेत बरामद गरिएको छ। उनी गाँजा पुऱ्याउन हरलाखीतर्फ गइरहेको क्रममा पक्राउ परेको हो। उनले गाँजा कसलाई पुऱ्याउन गइरहेको व्यक्तिको खोजी र थप अनुसन्धान बिहार प्रहरीले अघि बढाइसकेको जनाइएको छ।

महोत्तरी जिल्लाको महोत्तरी गाउँपालिकास्थित एनएमबी बैंक लुटेको आरोपमा २०८० कात्तिक २० गते पुर्पक्षका लागि जलेश्वर कारागारमा पठाइएको थियो । पछिल्लो पटक जेनजी आन्दोलन भएको क्रममा भदौ महिना २८ गतेका दिन कारागार भित्रै आन्दोलन र तोडफोड हुँदा अन्य कैदी सहित अनरजीत राम पनि फरार भएका थिए।

रामसहित ४/५ जनाको समूहले गत जेठ १६ गते दिउँसो १२ बजेर ३५ मिनेटमा महोत्तरीको महोत्तरी गाउँपालिका २ महोत्तरी बजारस्थित एनमबी बैंकबाट हतियार देखाएर १५ लाख रुपैयाँ लुटेका थिए । सो आरोपमा भारतको मधुबनी जिल्ला हरलाखी फुलहर टोल गोपालपुर निवासी अजयकुमार साफी पनि पक्राउ परेका थिए । उनीहरु विरुद्ध हातहतियार र चोरी डाकाँ शीर्षकमा मुद्दा चलाइएको थियो।

# आगलागीमा लाखौंको क्षति



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको रुपनी गाउँपालिका ६ इटाभट्टा टोलमा शनिबार आगलागी हुँदा दस लाखभन्दा बढीको क्षति भएको जनाइएको छ।

आगलागीमा स्थानीय सर्मिला घिसिङ तामाङको एक घर र दुई वटा गोठ, कुमार घिसिङ तामाङ एक घर र नवीन बम्जनको एक घर गरी पाँच वटा घर जलेर नष्ट भएको सप्तरी प्रहरीले जनाएको छ।

आगलागीमा परी दिनेश पाख्रीनकी तीन वर्षीया छोरी सिमा पाख्रीन सामान्य घाइते हुनुभएको छ। आगोले पोलेर घाइते हुनुभएको बालिकाको स्थानीय अस्पतालमा उपचारपछि घर ल्याइएको उनको परिवारले जानकारी दिएका छन्।

आगलागीमा सर्मिलाको नगद ५० हजार र कुमारीको ३० हजार गरी ८० हजार नगदसहित भाँडाकुँडा, लत्ताकपडा, खाद्यान्न लगायतका सामग्री जलेर खरानी भएपछि १० लाखभन्दा बढीको क्षति प्रहरीले जानकारी दिएका छन्।

घाइते बालिकाको स्वास्थ्य अवस्था सामान्य रहेको तथा आगलागीका कारणबारे थप अनुसन्धान भइरहेको सप्तरीका प्रहरी प्रवक्ता डम्बरबहादुर पुरीले बताएका छन।

# कांग्रेसको १२ बुँदे मधेश केन्द्रित प्रतिज्ञा पत्र

**टुडे समाचारदाता**

वीरगञ्ज । नेपाली कांग्रेसले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि मधेस केन्द्रित ४५ पृष्ठ लामो प्रतिज्ञा पत्र सार्वजनिक गरेको छ। पार्टी सभापति गगन थापा ले शनिबार 'सम्मानित मधेस, समुन्नत देश' नारासहित प्रतिज्ञा पत्र सार्वजनिक गर्दै मधेसको अधिकार, समृद्धि र सुशासनलाई प्राथमिकतामा राखिएको बताएका छन्।

यसअघि फागुन ६ गते जनकपुर को तिरहुतियामा आयोजित मधेस सभामा १० भिजनसहितको संघीय प्रतिज्ञा पत्र सार्वजनिक गरिएको थियो भने अहिले १२ मुख्य बुँदामा केन्द्रित मधेस विशेष योजना अघि सारिएको हो।

पहिलो प्रतिज्ञामा संविधान कार्यान्वयन र पहिचान न्यायलाई जोड दिँदै 'नागरिकता उपकार होइन, अधिकार हो' भन्ने स्पष्ट सन्देश दिइएको छ। योग्य नेपाली नागरिक नागरिकताबाट वञ्चित नहुने सुनिश्चितता गर्दै नागरिकतालाई कृपा होइन अधिकारका रूपमा व्यवहार गरिने उल्लेख छ। साथै बहुभाषिक नीति कार्यान्वयन, भाषा आयोगको सशक्त भूमिका र स्वतन्त्र संविधान कार्यान्वयन बोर्ड गठन गर्ने योजना अघि सारिएको छ।

दोस्रो प्रतिज्ञामा संघीयताको प्रभावकारी कार्यान्वयन र सेवा प्रवाहलाई डिजिटल माध्यमबाट सहज बनाउने प्रतिबद्धता व्यक्त गरिएको छ। प्रदेश र स्थानीय तहलाई विकासको इञ्जिन बनाउँदै सेवा घरदैलोमै पुऱ्याउने, आवश्यक कानुन निर्माण गर्ने र सार्वजनिक अनुगमन प्रणाली विकास गर्ने योजना समावेश गरिएको छ।

'काम मधेसमै, कमाई आफ्नै' नारासहित तेस्रो प्रतिज्ञामा वैदेशिक रोजगारीलाई बाध्यता होइन विकल्प बनाउने घोषणा गरिएको छ। बेरोजगार युवालाई वर्षमा १०० दिन तलबसहितको काम, वैदेशिक रोजगारीबाट फर्केकालाई विशेष अवसर प्याकेज र बिना धरौटी ५ लाख रुपैयाँसम्म ऋण सुविधा उपलब्ध गराउने उल्लेख छ।



चौथो प्रतिज्ञामा 'मेरो किसान, मेरो अन्नदाता' नारासहित मधेसका किसानका लागि न्यूनतम समर्थन मूल्य (एमएसपी) लागू गर्ने, धान, गहुँ, मकै, दाल र उखुमा सुनिश्चित खरिद प्रणाली लागू गर्ने योजना राखिएको छ। सिँचाइ, बीमा, बाली संरक्षण र भूमिहीन किसानको समर्थनलाई प्राथमिकता दिइएको छ।

पाँचौं बुँदामा मधेसलाई देशको आर्थिक इञ्जिनका रूपमा विकास गर्ने लक्ष्य राखिएको छ भने छैटौं प्रतिज्ञामा बाढी नियन्त्रण र जलवायु न्यायलाई विशेष प्राथमिकता दिइएको छ। तराई-मधेस बाढी संरक्षण प्राधिकरण गठन गर्ने प्रस्तावसमेत अघि सारिएको छ। सभापति थापाले वीरगञ्ज को पानी संकट र हैजाको प्रकोप उदाहरण दिँदै समस्याको जरा समाधान नगरी दीर्घकालीन समाधान सम्भव नभएको बताए।

सातौं प्रतिज्ञामा पानी सुरक्षा, महंगी राहत र सुरक्षित आवास; आठौंमा गुणस्तरीय शिक्षा र निःशुल्क स्वास्थ्योपचार; नवौंमा युवा तथा बाल सुरक्षा; दशौंमा महिला उद्यम र न्याय; एघारौंमा पर्यटन तथा सांस्कृतिक समुन्नति र १२औंमा राष्ट्रिय प्राथमिक आयोजनालाई समेटिएको छ । कांग्रेसले मधेसको सम्मान र समृद्धिलाई राष्ट्रिय समुन्नतिको आधारका रूपमा प्रस्तुत गर्दै यसपटकको निर्वाचनलाई परिवर्तन र विश्वासको अवसरका रूपमा व्याख्या गरेको छ।

# मधेशमा सुरक्षा व्यवस्था कडा

**टुडे समाचारदाता**

जनकपुरधाम। फागुन २१ हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी मधेश प्रदेशमा सुरक्षा व्यवस्था कडा पारिएको छ।

नर्वाचन आचारसंहिता उल्लङ्घन हुन नदिन तथा निष्पक्ष तथा शान्तिपूर्ण वातावरण कायम गर्नका लागि योजनाबद्ध रूपमा निर्वाचनको तयारी भइरहेको मधेस-प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ।

प्रदेशसँग जोडिएका नेपाल-भारत सीमाक्षेत्रमा सुरक्षामा कडाइ गरिएको छ। चेक प्वाइट खडा गरिएको छ भने विशेष निगरानी भइरहेको छ। आठवटै जिल्लाका मतदान केन्द्रहरूको सुरक्षा सन्दर्भमा अनुगमन तथा निरीक्षण भइसकेको सो कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार मधेश-प्रदेशमा दुई हजार १६० मतदान स्थलमध्ये एक हजार २४६ मतदानस्थल अतिसंवेदनशील अवस्थामा छन्। प्रदेशमा भारतीय सीमासँग जोडिएका अधिकांश मतदान स्थल अतिसंवेदनशील छन्।

त्यसको अनुगमन तथा सुरक्षाका उपायबारे योजनाबद्ध तरिकाले कार्य अगाडि बढाइएको मधेश-प्रदेश प्रहरी कार्यालयका प्रवक्ता कमल थापाको भनाइ छ।

प्रदेशका सबै जिल्लाका सुरक्षा समितिको अध्ययन अनुसार अतिसंवेदनशील वर्गीकरण गरिएको उनले बताएका छन्।

मधेश-प्रदेशमा प्रतिनिधिसभाका लागि ३२ वटा निर्वाचन क्षेत्र रहेकामध्ये एक हजार २४६ मतदान स्थल अतिसंवेदनशील अवस्थामा रहेको, ७५५ मतदानस्थल संवेदनशील अवस्थामा रहेको तथा १५९ मतदान स्थल सामान्य अवस्थामा रहेको बताइएको छ।

सप्तरीमा २९६ मतदान स्थलमध्ये २०९ वटा मतदान स्थल अतिसंवेदनशीलको सूचीमा छन्। त्यस्तै सिरहाका १५४, धनुषाका १९४, महोतरीका १६३, सर्लाहीका १५८, रौतहटका १५२ तथा बाराका १४५ मतदान स्थल अतिसंवेदनशील सूचीमा राखिएको छ।

मधेश प्रदेशमा कूल चार हजार ४७१ मतदान केन्द्र रहेको जनाइएको छ। निर्वाचनमा प्रदेशमा विभिन्न राजनीतिक दल तथा स्वतन्त्रगरी एक हजार २८ जना उम्मेदवार छन्। प्रदेशमा ३५ लाख १७ हजार १२३ मतदाता छन्। जसमा पुरुषको स͏ऺ͏या १९ लाख पाँच हजार ८१९ तथा महिलाको संख्या १६ लाख ११ हजार ३०४ रहेको जनाइएको छ।

# मतदाताले नयाँलाई अवसर दिनेछ : यादव

**टुडे समाचारदाता**

जनकपुरधाम।आसन्नप्रतिनिधि सभा सदस्य निर्वाचनअन्तर्गत धनुषा निर्वाचन क्षेत्र नम्बर-२ मा चुनावी माहोल क्रमशः तातिँदै गएको छ । विभिन्न राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारहरूको सक्रिय चुनावी अभियानसँगै मतदाताहरूको चासो र सहभागिता बढ्दै गएको देखिएको छ।



निर्वाचनमा प्रमुख राजनीतिक दलहरू नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), जनता समाजवादी पार्टी नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टी लगायतका दलका उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् भने स्वतन्त्र उम्मेदवारहरूले पनि आफ्नो उपस्थितिलाई बलियो बनाउने प्रयासमा जुटेका छन्।

यसैबीच राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट उम्मेदवार बनेका रामबिनोद यादवले धनुषा-२ का मतदाताहरू यसपटक नयाँ विकल्पलाई अवसर दिने मनस्थितिमा रहेको दाबी गरेका छन् । विभिन्न भेटघाट तथा घरदैलो कार्यक्रमका क्रममा स्थानीय नागरिकहरूसँगको संवादमा उनले विकास, सुशासन र पारदर्शिताप्रतिको अपेक्षा बढेको प्रतिक्रिया पाएको बताएका छन्।

क्षेत्रका नागरिकहरू रोजगारी, शिक्षा, स्वास्थ्य सेवा तथा पूर्वाधार विकासलाई मुख्य प्राथमिकतामा राखेर उम्मेदवारहरूको मूल्याङ्कन गरिरहेका छन् । मतदाताहरू परिवर्तन र जवाफदेहिताको पक्षमा देखिएको उनको भनाई छ।

उनी भन्छन 'यस क्षेत्रमा परम्परागत दलहरूसँगै नयाँ शक्तिप्रति पनि मतदाताको चासो देखिएको छ । चुनावी प्रचारप्रसारका क्रममा विभिन्न दलहरूले आ-आफ्ना एजेन्डा सार्वजनिक गरिरहेका छन् भने मतदाताहरू उम्मेदवारहरूको विगतको काम, योजना तथा विश्वसनीयताका आधारमा निर्णय गर्ने तयारीमा रहेका छन्।'

निर्वाचन नजिकिँदै जाँदा राजनीतिक गतिविधि बढे पनि सरोकारवालाहरूले सबै पक्षलाई निर्वाचन आयोग नेपालले जारी गरेको निर्वाचन आचारसंहिता पूर्ण रूपमा पालना गर्दै स्वच्छ, निष्पक्ष र मर्यादित निर्वाचन सम्पन्न गराउन आग्रह गरेका छन्।

फागुन २१ गते हुने मतदानमार्फत धनुषा-२ का मतदाताले आगामी प्रतिनिधित्व कसलाई दिने भन्ने निर्णय गर्नेछन्, जसलाई स्थानीय स्तरमा निकै चासोका साथ हेरिएको छ।

# भारतद्वारा निर्वाचन सामग्री चौथो पटक हस्तान्तरण

**टुडे समाचारदाता**

वीरगञ्ज । भारतको महावाणिज्य दूतावास मार्फत भारत सरकारले नेपाललाई निर्वाचन सम्बन्धी सहायताको चौथो किस्ता औपचारिक रूपमा हस्तान्तरण गरेको छ । बीरगंजमा आयोजित एक कार्यक्रममा महावाणिज्य दूत देवी सहाय मीना ले पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाल लाई सहयोग सामग्री हस्तान्तरण गर्नुभएको हो।

नेपालमा आगामी निर्वाचनको तयारी तीव्र भइरहेका बेला नेपाल सरकारको अनुरोधअनुसार भारत सरकारले सहयोगस्वरूप उपलब्ध गराएको चौथो खेपमा ३० वटा एक टन क्षमताका ट्रकसहित अन्य आवश्यक सामग्री समावेश छन्। यी सवारी साधनहरू निर्वाचन सामग्री ढुवानी, जनशक्ति परिचालन तथा दुर्गम क्षेत्रसम्म आवश्यक उपकरण पुऱ्याउन प्रयोग गरिने जनाइएको छ।

कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी दाहालले समयमै सहयोग उपलब्ध गराएकोमा भारत सरकारप्रति आभार व्यक्त गर्नुभयो। उहाँले आगामी निर्वाचन सफल, व्यवस्थित र पारदर्शी रूपमा सम्पन्न गर्न यस्ता सामग्री अत्यन्त उपयोगी हुने बताए। "निर्वाचन लोकतन्त्रको आधार स्तम्भ हो। यसलाई प्रभावकारी बनाउन प्राप्त सहयोग महत्वपूर्ण छ," उनले भने।




महावाणिज्य दूत मीनाले नेपाल-भारत सम्बन्ध ऐतिहासिक, सांस्कृतिक र सामाजिक रूपमा घनिष्ठ रहेको उल्लेख गर्दै निर्वाचन प्रक्रियालाई सुदृढ बनाउन भारत सरकार सदैव सकारात्मक रहेको बताउनुभयो। उहाँका अनुसार लोकतान्त्रिक संस्थाहरूको सुदृढीकरण र निर्वाचन प्रणालीलाई प्रभावकारी बनाउने प्रयासमा भारतले निरन्तर सहयोग गर्दै आएको छ।

यसअघि भारत सरकारले निर्वाचन सम्बन्धी सहायताका पहिलो तीन किस्तामार्फत ५८० भन्दा बढी सवारी साधन र अन्य उपकरणहरू नेपाललाई हस्तान्तरण गरिसकेको छ। चौथो किस्तासहित सहयोगको दायरा अझ विस्तार भएको छ।

दुवै देशबीचको बहुआयामिक विकास साझेदारी अन्तर्गत शिक्षा, स्वास्थ्य, पूर्वाधार, ऊर्जा तथा विपद् व्यवस्थापनलगायत विभिन्न क्षेत्रमा सहकार्य हुँदै आएको छ। निर्वाचन सहयोगलाई पनि त्यही साझेदारीको निरन्तरताका रूपमा हेरिएको छ।

विशेषज्ञहरूका अनुसार समयमै उपलब्ध गराइएका सवारी साधन र सामग्रीहरूले दुर्गम तथा भौगोलिक रूपमा जटिल क्षेत्रमा निर्वाचन सामग्री पुऱ्याउन सहजता ल्याउने अपेक्षा गरिएको छ । यसले निर्वाचनको विश्वसनीयता र व्यवस्थापनमा सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको छ।

नेपाल र भारतबीचको आपसी सहयोग, विश्वास र मित्रताको प्रतिकका रूपमा लिइएको यस सहायताले दुई देशबीचको सम्बन्ध अझ सुदृढ हुने अपेक्षा गरिएको छ। आगामी निर्वाचनलाई स्वच्छ, निष्पक्ष र प्रभावकारी रूपमा सम्पन्न गर्न प्राप्त सहयोग महत्वपूर्ण हुने सरकारी अधिकारीहरूले बताएका छन्।

# निर्वाचनको कार्यतालिका सार्वजनिक

**टुडे समाचारदाता**

जनकपुरधाम । आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनलाई व्यवस्थित, पारदर्शी र निष्पक्ष बनाउन मतदान अधिकृतले फागुन १७ गतेदेखि २१ गतेसम्मका लागि विस्तृत कार्यतालिका सार्वजनिक गरेका छन्।

मतदान केन्द्रको भौतिक पूर्वाधारदेखि सर्वपक्षीय समन्वय, कर्मचारी परिचालन र मतदान प्रक्रिया व्यवस्थापनसम्मका कामलाई चरणबद्ध रूपमा केन्द्रिय निर्वाचन आयोगले तयार पारेको कार्यतालिका अनुसार अघि बढाइने मधेश प्रदेश निर्वाचन कार्यालयले जनाएको छ।



कार्यतालिका अनुसार पहिलो चरणमा मतदान अधिकृतले मतदानस्थलको प्रत्यक्ष अवलोकन गर्ने, केन्द्रको संरचना तथा चारै दिशाको अवस्थाको आँकलन गर्ने कार्यक्रम तय गरिएको छ भने सोही दिन स्थानीय तहसँग समन्वय गरी सर्वपक्षीय सम्पर्क र सहयोग जुटाइनेछ। मतदानस्थलमा बसोबासको अवस्था, आवतजावतको सहजता तथा सुरक्षा व्यवस्थाबारे जानकारी संकलन गरिनेछ।

मधेश प्रदेश निर्वाचन कार्यालय अनुसार फागुन १८ गतेसम्म सर्वपक्षीय भेलाको समय निर्धारण गरिनेछ भने १९ गतेभित्र भेला सम्पन्न गर्ने लक्ष्य राखिएको छ । निर्वाचनसम्बन्धी सूचना प्रकाशन गर्ने, अनुसूची ३ अनुसार मतदानस्थलको चारै दिशामा सूचना टाँस गर्ने, साथै अनुसूची ४, ५, ६ र ७ सम्बन्धी आवश्यक प्रक्रिया पूरा गरिनेछ।

मतदानस्थलमा गासबासको प्रबन्ध मिलाउने, आवश्यक भौतिक पूर्वाधार तयार पार्ने र व्यवस्थापनलाई व्यवस्थित बनाउने तयारीसमेत सोही दिन गरिने जनाइएको छ।

फागुन १९ गते सर्वपक्षीय बैठक आयोजना गरी निर्णयहरूको माइन्यूट तयार गरिनेछ । साथै स्वयंसेवक नियुक्ति, कर्मचारीको भूमिका निर्धारण तथा कार्य विभाजन गरिने कार्यक्रम छ।

मतदान केन्द्रमा खटिने कर्मचारीहरूलाई नाम रूजू गर्ने, तथ्यांक फाराम भर्ने, औंलामा चिनो लगाउने, प्रतिनिधिसभा (पहुनिहु) र समानुपातिकतर्फका मतपत्र वितरण गर्ने जिम्मेवारी छुट्याइनेछ । कर्मचारी र सुरक्षाकर्मीलाई अभिमुखीकरणसमेत गरिने जनाइएको छ।

यसै दिन मतदान केन्द्र निर्माणका लागि आवश्यक सामग्री संकलन तथा परिचयपत्र वितरणको व्यवस्था मिलाइनेछ । फागुन २० गतेसम्म मतदान केन्द्र निर्माण कार्य सम्पन्न गरिनेछ। मतदान प्रतिनिधि नियुक्ति गरी परिचयपत्र वितरण (अनुसूची १० अनुसार) गरिनेछ।

दुई प्रकारका मतपेटिका (एक प्रतिनिधिसभातर्फ र दुई समानुपातिकतर्फ) तयार गरी पोलबुकमा अभिलेख राखिनेछ। मतदानको दिन फागुन २१ गते बिहान ६ बजेदेखि ६:५० बजेसम्म सबै कर्मचारीलाई जिम्मेवारीअनुसार स्थान ग्रहण गराइनेछ।

मतदान प्रतिनिधिको रोहवरमा मतपेटिका रित्तो भएको देखाई यकिन गरिनेछ र त्यसपछि विर्को लगाई शीलबन्द गरिनेछ। शील नम्बर पोलबुकमा टिपोट गरिनेछ र अनुसूची ११ अनुसार मुचुल्का उठाइनेछ।

स्वस्तिक छाप जाँच गरी अनुसूची १३ अनुसार मुचुल्का तयार गरिनेछ । मतपत्रको शीलबन्दी प्याकेट खोली अनुसूची १४ अनुसार प्रक्रिया पूरा गरिने जनाइएको छ । बिहान ठिक ७ बजे मतपत्रमा दस्तखत गरी मतदान प्रक्रिया सुरु गरिनेछ।

मतदानको क्रममा लाइनबाट एक-एक जना मतदाता पठाइने, नाम रूजू गरिने, तथ्यांक फाराममा रेजा लगाइने, औंलामा चिनो लगाइने र त्यसपछि मतपत्र प्रदान गरिने व्यवस्था मिलाइनेछ। एक पटकमा कक्षभित्र एकजना मात्र मतदाता प्रवेश गर्ने सुनिश्चित गरिनेछ । प्रतिनिधिसभा र समानुपातिक दुवै मतपत्र छुट्टाछुट्टै खसाएको सुनिश्चित गरिनेछ।

मतदान सकेपछि मतदाता बाहिरिएको यकिन गर्ने जिम्मेवारी पनि कर्मचारीलाई दिइएको छ । सम्पूर्ण प्रक्रिया अविच्छिन्न र निष्पक्ष रूपमा सञ्चालन गर्न मतदान अधिकृतले नेतृत्व गर्ने जनाइएको छ। मतदान सम्पन्न भएपछि मतपेटिकाको प्वाल बन्द गरी अनुसूची २४ अनुसार मुचुल्का तयार गरिनेछ। त्यसपछि मतपत्र फाँटवारी (अनुसूची २५) र खाद (अनुसूची २६) तयार गरिनेछ।

निर्वाचन अधिकृतलाई बुझाउनुपर्ने सम्पूर्ण कागजातहरू खुला खाममा राखी बुझाइनेछ । यसमा सबै मुचुल्का, तथ्यांक फाराम, पोलबुक, परिचयपत्र तथा बुझाएको फाराम दुई-दुई प्रति समावेश गरिनेछ।

हार्दिक आमन्त्रण
विगत वर्षहरु जस्तै यस वर्ष पनि हर्सोलासका साथ महान पर्व होलीको अवसरमा
**होली मिलन समारोह**को भव्य भव्य आयोजना गरिएकोले सम्पूर्ण रौनियार सो जाति बन्धुहरूमा सपरिवार चुल्हो निम्तो सहित सादर आमन्त्रण छ।
**कार्यक्रम**
मिति : २०८२ फाल्गुन १८ गते सोमबार
समय : बेलुका ४ बजे देखि
स्थान : रौनियार अतिथि सदन, जनकपुरधाम
**आयोजक**
रौनियार सेवा समिति
रौनियार युवा मंच
परिवार

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८